का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ असोज २०८१,
शनिबार
21 September, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २२१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ मा रहेको हिन्दु तथा बौद्ध धर्मालम्बीहरुको तीर्थस्थल दामोदरकुण्ड आसपासको क्षेत्र । समुद्री सतहदेखि पाँच हजार मिटर उचाइमा रहेको यो ठाउँ पूर्वाधार र प्रचारको अभावले ओझेलमा छ । तस्वीरः सन्तोष गौतम, रासस


## चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# संकटमा फस्यो रास्वपा

प्रतिवेदनले सहकारीहरुबाट मात्र ४३ करोड रकम गोरखा मिडिया नेटवर्कमा आएको देखाएको छ । त्यसमध्ये २३ करोड ७९ लाख ८९ हजार ७३१ रुपैयाँ रवि लामिछानेले चेक काटेर विभिन्न कम्पनीलाई दिएका छन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

सहकारी बचत रकम छानबिन गर्न बनेको संसदीय विशेष समितिले तयार पारेको प्रतिवेदन शुक्रबार सार्वजनिक भएको छ । सूर्य थापा संयोजक रहेको संसदीय समितिले तयार पारेको प्रतिवेदनको निष्कर्ष तथा सिफारिस खण्ड यसअघि नै सार्वजनिक भइसकेको थियो ।

प्रतिनिधि सभा बैठकमा बुझाइएको प्रतिवेदनको पूर्णपाठ शुक्रबार सार्वजनिक भएको छ । सार्वजनिक भएको प्रतिवेदन मुलतः गोरखा मिडिया नेटवर्कमा आएको सहकारी रकम अपचलनमा केन्द्रीत छ । गोरखा मिडिया नेटवर्कमा सूर्य दर्शन, सुप्रिम, साहरा, स्वर्ण लक्ष्मी र साना पाइला सहकारीबाट अवैधानिकरुपमा रकम आएको प्रतिवेदनले देखाएको छ ।

निष्कर्षमा भने गोरखा मिडिया नेटवर्कका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई, तत्कालीन प्रबन्ध निर्देशक एवं सञ्चालक रवि लामिछाने र सञ्चालक छबिलाल जोशी सहकारी रकम अपचलनमा संलग्न रहेको पुष्टि गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति लामिछाने गोरखा मिडियामा हुँदा सहकारी रकम अपचलनमा संलग्न देखिएकाले कारबाही सिफारिस गरिएको छ ।

रविलाई कारबाही सिफारिस गर्दा मुख्यगरी पाँच वटा आधार लिइएको छ । स्वयं लामिछाने सहित यो प्रकरणमा जोडिएकाहरुसँग गरिएको बयानका आधारमा कारबाही सिफारिस गरिएको प्रतिवेदनमा उल्लेख छ । सञ्चालक छबिलालले बयानमा सहकारीमा आएको रकमबारे जिबी वा रविलाई थाहा हुने बताएका थिए ।

जबकी रवि लामिछानेले सहकारी अपचलनमा आफू संलग्न नभएको र एउटा कर्मचारीका रुपमा गोरखा मिडियामा हुँदा काम गरेको बयान दिएका थिए । तर समितिले भने रवि लामिछाने जुन हैसियतमा उक्त कम्पनीमा काम गरेका थिए, त्यस अवधिमा भएको खर्च र आम्दानीबारे उनी उत्तरदायी हुनुपर्ने निष्कर्ष निकालिएको छ ।

त्यसो हुँदा गोरखा मिडिया नेटवर्कमा आएको ६५ करोड रकम अपचलनमा रवि लामिछानेमाथि कारबाही गर्न सिफारिस गरिएको छ । प्रतिवेदनले सहकारीहरुबाट मात्र ४३ करोड रकम गोरखा मिडिया नेटवर्कमा आएको दखाएको छ । त्यस मध्ये २३ करोड ७९ लाख ८९ हजार ७३१ रुपैयाँ रवि लामिछानेले चेक काटेर विभिन्न कम्पनीलाई दिएका छन् ।

यसरी रविले प्रबन्ध निर्देशकका रुपमा करोडौं रकम निकासा गरिदिनुमा त्यसबेला जीबी र छबिलालसँगै उनको नाममा संयुक्त बैंक खाता हुनु हो । तीन जनाको संयुक्त बैंक खाता रहेको र कुनै एक जनाको हस्ताक्षरमा रकम निकासा हुन सक्थ्यो । त्यही अधिकार उपयोग गरेर रवि लामिछाने आफैले करोडौ निकासा गरिदिएका छन् ।

रवि लामिछानेले निकासा गरिदिएको रकम बिपिन आचार्य, निकिता पौडेल लगायतको कम्पनीमा गएको छ । अहिले आचार्य रास्वपाकै समहामन्त्री »» पृष्ठ २ मा

## राष्ट्रसंघमा नेपालको एजेण्डा
# जलवायु परिवर्तन



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

संयुक्त राष्ट्रसंघमा नेपालले जलवायु परिवर्तनको विषय उठाउने भएको छ ।

पपराष्ट्र मन्त्रालयका अनुसार असोज १० गते संयुक्त राष्ट्रसंघको महासभालाई प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने कार्यक्रम छ ।

त्यसक्रममा जलवायु परिवर्तनले पारेको असरको विषय उठाउने तय भएको हो । संयुक्त राष्ट्रसंघ महासभाको ७९ औं अधिवेशनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली शुक्रबार अमेरिका प्रस्थान गरेका छन् ।

महासभाको यस वर्षको साधारण बहस 'कोही पनि पछाडि नछोडिनेः वर्तमान र भावी पुस्ताका लागि शान्ति, दिगो विकास र मानव मर्यादाको विकासका लागि मिलेर काम गर्ने' विषय रहेको छ ।

> अमेरिका भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत भेट्ने प्रयास गर्नेछन् । दुवै देशले भेटका लागि पहल लिएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री ओलीले असोज ८ गते महासभाको साधारण बहसको उद्घाटन सत्र र असोज ९ गते अमेरिकाका राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुनेछन् ।

अमेरिका जानु अगाडि प्रधानमन्त्री ओलीले गत भदौ ३१ संसदलाई जानकारी गराएका थिए । त्यसक्रममा उनले आन्तरिक मामिलाहरूमा »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अब औपचारिकरुपमै जापानमा नेपाली श्रमिक पठाइने श्रममन्त्री भण्डारीको उद्घोष

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले निकट भविष्यमा औपचारिक तवरले जापानको रोजगारीमा नेपाली श्रमिक पठाउने कार्य अघि बढ्ने बताएका छन् । जापानको टोकियोमा नेपाल-जापान रोजगार सम्मेलनलाई शुक्रबार सम्बोधन गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेको श्रम मन्त्रालयले जनाएको छ ।

नेपाली दूतावास जापान र जापान एशोसिएसन फर दि इम्प्लोइमेन्ट अफ फरेन नेशनलले आयोजना गरेको सम्मेलनमा मन्त्री भण्डारीले नेपाल र जापानबीच सन् १९५६ देखिको मैत्रीपूर्ण सम्बन्धको स्मरण गर्दै जापान नेपालीहरुको रोजगारीका लागि सुरक्षित र आकर्षक गन्तव्य भएको उल्लेख गरे ।

मन्त्री भण्डारीले भने, 'नेपाल र जापान सरकारबीच जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी श्रम समझदारीपत्रलाई व्यवस्थापन गर्न मन्त्रालयले निर्देशिका जारी गरिसकेको र निकट भविष्यमा औपचारिक तवरले जापानको रोजगारीमा नेपाली श्रमिक पठाउन कार्य अघि बढ्ने छ ।'

मन्त्री भण्डारीसँग जापानका विभिन्न क्षेत्रका उच्चस्तरीय पदाधिकारीले भेट गरी दुई पक्षीय रोजगारी प्रवर्द्धनका विषयमा छलफल गरेका छन् ।

जापानमा दक्ष नेपाली कामदारका लागि राम्रो अवसर रहेको छ । श्रम मन्त्रालय स्रोतका अनुसार करिब पाँच हजार नेपाली कामदारलाई जापान पठाउने चर्चा लामो समयदेखि शुरु भएपनि प्रक्रिया भने अझैसम्म शुरु भएको छैन ।

सन् २०१९ मा एसएसडब्लु नीति लिएको जापानले नेपालसहित फिलिपिन्स, इन्डोनेशिया, म्यानमार, चीन, कम्बोडिया, मंगोलिया, थाइल्याण्ड र भियतनामलगायतका देशबाट कामदार लगेको छ । तर सरकारीस्तरबाट कामदार पठाउने श्रम मन्त्रालयको अडान असफल हुँदा जापानको आकर्षक तलबको रोजगारीबाट बञ्चित नेपाली युवाहरु युद्धग्रस्त रुस, युक्रेन र इजरायलसहित न्यून तलब हुने खाडी मुलुकमा जानु परेको छ ।

जापानमा सन् २०३० सम्म ६४ लाखभन्दा बढी कामदारको अभाव हुने आंकलन गरिएको छ । उक्त अभावलाई पूर्ति गर्न जापानले तीन वर्षअघि नै विदेशी कामदार भर्नासम्बन्धी नयाँ नीति ल्याएको थियो । तर निजी क्षेत्रलाई दिँदा ठगी हुने नेपालमा रहेको सरकारी सोचले जापान सरकारले लिएको लचिलो नीतिको लाभ नेपालीले पाउन सकेका छैनन् ।

# सैन्य कूटनीति बलियो बनाउँदै जंगीअड्डा

**शिव विक/मध्यान्ह**
काठमाडौं, ४ असोज ।

नेपाली सेनाले सैन्य कूटनीति बलियो बनाउँदै लगेको छ । यसका लागि छिमेकी देशसहित बिभिन्न देशसँगको भेटवार्ता, द्विपक्षीय संयुक्त अभ्यास लगायतका कार्यलाई प्राथमिकतामा राखेको छ ।

यहीक्रममा शुक्रबार प्रधानसेनापति अशोकराज सिग्देलले नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरे ।

> नेपाली सेनाले पाकिस्तानसँग पनि संयुक्त अभ्यासको प्रस्ताव अघि बढाएको थियो । तर भारतले चासो देखाएपछि उक्त प्रस्ताव रद्द भएको बताइएको छ । भारतले चीनसँगको सैन्य अभ्यासमा समेत चासो देखाउँदै आएको छ ।

सैनिक मुख्यालय जंगीअड्डामा उनीहरुबीच भेट भएको हो । त्यसक्रममा द्वीपक्षीय हित एवं पारस्परिक सम्बन्धका विविध विषयमा विचार विमर्श भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । यस किसिमका भेटले दुई देशबीच »» पृष्ठ २ मा


## युएईमा वैदेशिक रोजगारको अवसर | कम्पनीः CLEANPRO CLEANING SERVICES LLC
शहरः DUBAI

पुर्व स्वीकृत मितिः २०८१/०६/०४ | चलानी नं.: ६०२२५६०७ | LT. No.: 311080

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner General | 33 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असोज १२ (28 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १७०२/०८१/८२

B.S. HUMAN RESOURCE PVT.LTD.
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5922084 | 5922085, Web.: www.bshumanresources.com.np
Email: bshumanresources@gmail.com | info@bshumanresources.com.np
Phone No: 9828122668, 9823062933, 9818702823, 9822490238, 9864377733

मध्यान्ह
www.madhyanhadaily.com



# अस्पतालको समयमा चिकित्सक बाहिर जान नपाउने



**चितवन/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा काम गर्ने समयमा चिकित्सकहरु निजी अस्पतालमा जान नपाउने बताएका छन् । शुक्रबार पत्रकारसँग कुरा गर्दै उनले भने, 'सरकारी अस्पतालमा काम गर्ने समयमा उहाँहरु उपलब्ध हुनुपर्छ ।'

मन्त्रालयले केही दिनअघि जारी गरेको निर्देशिका अस्पताल र विभागमा कार्यान्वयनको चरणमा रहेको उनले जानकारी दिए । निर्देशिका कार्यान्वयन भइरहेकाले कतिपय समस्या देखिएको र ती समस्या छिट्टै समाधान हुने उनले बताए । स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गरी व्यवस्थित गर्न सरकार अघि बढेको मन्त्री पौडेलको भनाइ छ ।

स्वास्थ्य क्षेत्रको प्रगति हिजोको आजै नदेखिने भएकाले क्रमिक सुधारको बाटोमा लैजाने प्रतिबद्धता उनले जनाए । मन्त्री पौडेलले भने, 'स्वास्थ्य सेवा प्रभावकारी, बीमालाई व्यवस्थित, औषधिको मूल्य समायोजन लगायतका थुप्रै काम शुरु गरेका छौं, ती कार्यान्वयन हुँदै जान्छन् ।'

मन्त्री पौडेलले स्वास्थ्य बीमालाई रु पाँच लाख बनाउने मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्बाट पास भएर कार्यान्वयनमा जाने तयारीमा रहेको जानकारी दिए । उनले भने, 'हाम्रो प्रस्तावलाई मन्त्रिपरिषद्ले स्वीकार गर्छ र प्रस्ताव स्वीकार भए लगत्तै पाँच लाखको बीमा कार्यान्वयन हुन्छ ।'

### प्रेस काउन्सिल नेपालद्वारा निःशुल्क आँखा शिविर

# एक सय १७ जनाको आँखा परीक्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असोज

प्रेस काउन्सिल नेपालले आफ्नो ५५ औं वार्षिकोत्सव तथा संविधान दिवसको अवसरमा आयोजना गरेको निःशुल्क आँखा शिविरमा एक सय १७ जनाले आँखा परीक्षण गराएका छन् ।




तिलगंगा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा भएको सो कार्यक्रममा प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल पत्रकार महासंघ, सूचना तथा प्रसारण विभागका कर्मचारीलगायत विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थित रहको थियो ।

शिविरको उद्घाटन कार्यक्रममा बोल्दै प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार समाजको तेस्रो आँखा भएकाले सोही अनुरूपको भूमिका प्रभावकारी ढंगले निभाउनुपर्ने बताए । प्रतिष्ठान र काउन्सिलबीचको सहकार्य र समन्वय आगामी दिनमा अझै प्रगाढ बनाइने उनले स्पष्ट पारे । दक्षिण एसियामै सो प्रतिष्ठानको नाम उच्च रहेको उनले बताए । उनले भने,'गाउँ-गाउँसम्म पुगेर प्रतिष्ठानले प्रशंसनीय काम गरिरहेको छ ।'

काउन्सिलका बोर्ड सदस्य शरद अधिकारीले प्रतिष्ठानका स्वास्थ्यकर्मी टोलीलाई स्वागत गरेका थिए ।

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले वार्षिकोत्सवको अवसरमा विशेष कार्यक्रम गरिँदै आएको र यसको निरन्तरताका रूपमा आँखा शिविर गरिएको बताए । काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले यो शिविरले काउन्सिल र प्रतिष्ठानबीच सम्बन्ध सुमधुर बनाएको बताए ।

प्रतिष्ठानका वरिष्ठ मानव संशाधन व्यवस्थापक मुकेशकुमार सिंहले राज्यको चौथो अंग पत्रकारले मोबाइल र कम्प्युटरमा लामो समय काम गर्नुपर्ने हुँदा आँखामा समस्या आउने जोखिम बढी रहेको बताए ।

# प्रेस सेन्टर राप्तीको अध्यक्षमा कुँवर

**दाङ/मस–** प्रेस सेन्टर नेपाल राप्ती गाउँपालिको अध्यक्षमा तुलबहादुर कँवर चयन भएका छन् । प्रेस सेन्टर राप्ती गाउँपालिको प्रथम भेलाले कुँवरको अध्यक्षतामा १३ सदस्य नयाँ कार्य समिति चयन गरेको हो ।




जसको उपाध्यक्षमा छविन्द्र बुढाथोकी सचिव ईराधा झाँक्री सहसचिव सन्जुकुमारी चौधरी र कोषाध्यक्ष सुस्मिता परियार चयन भएकी छन् । संगठनको सदस्यहरुमा कृति कार्की,बिनोद कुमार सोनी,विनिता गाहा मगर,दिलबहादुर सिंजाली,निश्चल सारु,ईशा परियार,लक्ष्मी कामी र अन्जिता चौधरी चयन भएकी छन् । सम्मेलनको उद्घाटन गर्दै राप्ती गाउँपालिका अध्यक्ष प्रकाश बिष्टले समाज रुपान्तरणका लागि पत्रकारिताको भूमिका महत्वपूर्ण हुने बताए ।

कार्यक्रमको प्रमुख अतिथि समेत रहेका विष्टले प्रेस सेन्टरमा आबद्व हुने पत्रकारले सिमान्तकृत समुदायको पक्षमा समाचार लेख्नुपर्ने धारणा राखे । महान शहीद कृष्णसेन इच्छुक जस्ता व्यक्तिको बलिदानले मात्रै मुलुकमा गणतन्त्र स्थापित भएको बताउँदै त्यसको रक्षा गर्न अब पत्रकारले ध्यान दिनुपर्ने बताए । सो अवसरमा संगठनमा रहेर लामो समयदेखि भूमिका खेल्ने पत्रकार तथा साहित्यकार धर्मराज शर्मा बैरागी र चन्द्र खनाललाई सम्मान गरिएको थियो ।

संगठनका उपाध्यक्ष छविन्द्र बुढाथोकीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा माओवादी केन्द्र राप्तीपालिका अध्यक्ष नारायण शर्मा, प्रेस सेन्टर दाङका संस्थापक पुरणशर्मा, प्रेस सेन्टर लुम्बिनी प्रदेशका अध्यक्ष मानसिं वि.क,सचिव दिवाकर पोखरेल,जिल्ला सचिव जनक नेपाली ,सहसिचव दिपक बोहरा, दलित मुक्तिमोर्चा दाङका सल्लाहकार राजेन्द्र पुजाली लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

आयोजक कमिटीका अध्यक्षता तुलबहादुर कँवरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन इराधा झाँक्री गरेकी थिइन् ।

# धोबीनी गाउँपालिकाको १०औं गाउँ सभा सम्पन्न

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ४ असोज

पर्साको धोबीनी गाउँपालिकाको १० औं गाउँसभा सम्पन्न भएको छ । असार १० गतेभित्रै हुनुपर्ने गाउँसभा तीन महिना ढिलो आएको हो ।




शुक्रबार आयोजित गाउँसभामा चालू आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा गाउँ सभाबाट ३९ करोड १ लाख ५५ हजार बराबरको बजेट पारित गरी प्रस्तुतीकरण गरिएको थियो ।

गाउँसभामा धोबीनी गाउँपालिकाकी उपाध्यक्ष मञ्जुदेवी पटेलको आदेशा अनुसार प्रमुख प्रशासकीय अधिकृत अशोक प्रसाद रौनियारले ३९ करोड १ लाख ५५ हजार बराबरको अनुमानित बजेट प्रस्तुतीकरण गरेका थिए ।

धोबिनी गाउँपालिकाको गाउँसभा धोबीनी गाउँपालिकाको सभा हलमा भएको गाउँसभाको उद्घाटन गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहानले गरेका थिए । गाउँ सभामा बोल्दै गाउँपालिका अध्यक्ष चौहानले भने, 'राजनीतिक समस्याको कारण गाउँ सभा ढिलाइ भएको हो । यस कारण विकासको काम र जनताहरुको कामकाज समस्या भइरहेकोले गाउँसभा गरिएको हो ।' उनले अब विकास लगायत जनताहरुको कामकाज छिटो छरितो हुने प्रतिबद्धता जनाए ।

गाउँ सभामा शिक्षा, स्वास्थ्य, कृषि,पर्यटन,महिला बालबालिका र भौतिक पूर्वाधार विकास लगायतलाई प्राथमिकतामा रहेको उनले बताए । कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखा प्रमुख सञ्जय यादवले गरेका थिए ।

# दुल्ली सडक दुई सातादेखि अवरुद्ध

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ४ असोज

करिब दुई सातादेखि कर्णाली करिडोर हुम्ला खण्डको दुल्ली कुना सडक अवरुद्ध हुँदै आएको छ ।

सडक अवरुद्ध हुँदा दुई सातादेखि सुर्खेत तथा नेपालगञ्जबाट हुम्लाको सदरमुकाम सिमकोटको लागि आएका मालबाहक ट्रक, टिपर, ट्याक्टरबीच बाटोमै अलपत्र अवस्थामा बस्नु परिरहेको खार्पुनाथ यातायातका कर्मचारी गोर भण्डारीले बताए ।

भण्डारीका अनुसार करिब १५ दिनदेखि हुम्लाको मध्ये क्षेत्रमा पर्ने सर्केगाड गाउँपालिका वडा ४ दुल्ली कुनाको करिब ५० मिटर सडक माथिबाट आएको पहिरोले अवरुद्ध गर्दा अहिलेसम्म निर्माणमा कसैको चासो नदेखिएको हुँदा यातायातका साधनलाई सास्ती भएको छ ।



करिब ३० वटा हाराहारीमा रहेका मालबाहक ट्रक सदरमुकाम सिमकोटसँगै जोडिएको खार्पुनाथ गाउँपालिकाको खार्पु खण्डसम्म जाने भएपनि सडकको अवस्थाले सर्केगाडमै बस्नुपर्ने बाध्यता रहेको भण्डारीको भनाइ छ ।

सडक अवरुद्ध हुँदा चार पाङ्ग्रे सवारी साधन आवत-जावत गर्न नसक्ने र दुई पाङ्ग्रे सवारीले ज्यानको बाजि लगाएर करिव तीन जनाले मोटरसाइकल तानेर सदरमुकाम सिमकोट पुग्ने गरेको सर्केगाड गाउँपालिका स्थानीय भिम रावलले बताए ।

स्थानीय रावलले उक्त स्थान मात्र नभएर यसभन्दामाथि सिमकोटतर्फको बीच-बीचमा सडक भत्किएको भएपनि उक्त स्थान जस्तो असजिलो नभएको बताए । भत्किएको सडकमा माटो र ढुंगाले अवरुद्ध बनाएको छ । सडक अवरुद्ध भएको दुई साता हुँदा पनि नत स्थानीय सरकारले वास्ता गरेको छ, तन सडक विभागले वास्ता गरेको छ । राष्ट्रिय सडक केही रुपमा जोडिएको हुम्ला खण्डको सडक वर्षको करिब ४ महिना मात्र सुचारु हुन्छ, तर अबरुद्ध हुँदा ४ महिना पनि नपुग्ने ट्रक चालकले बताए ।

# गुरुङ दम्पतीद्वारा विद्यालय र गुम्बालाई सहयोग

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ४ असोज

लमजुङ सुन्दरबजार नगरपालिका ९ का क्याप्टेन खरजंग गुरुङ र उनको श्रीमती वर्तकाशी गुरुङले विद्यालय, गुम्बा, संगठन लगायतलाई आर्थिक सहयोग गरेका छन् ।

गुरुङ दमपत्तीले यहाँका तीन विद्यालय र एक गुम्बालाई एक कार्यक्रमकाबीच ४ लाख ९७ हजार २२० रुपैयाँ सहयोग गरेका हुन् ।

विद्यालयमा अक्षयकोष स्थापनाका लागि प्रत्येक विद्यालयलाई ७५ हजार ५ सय ५५ रुपैयाँ, समुता गुम्बालाई अक्षयकोष स्थापनाका लागि ७५ हजार रुपैयाँ र भोटेवडार पुस्तकालयमा अक्षयकोष स्थापनाका लागि २५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरिएको छ । यस्तै सुन्दरबजार ९ मा रहेको भारती सदन माध्यमिक, भविश्य निर्माण माध्यमिक र दुधपोखरी गाउँपालिका ६ गौंडामा रहेको ओखरी माध्यामिक विद्यालयलाई पनि अक्षय कोष स्थापनाका लागि रकम सहयोग गरिएको सहयोगदाता खरजंगले बताए । विद्यालयमा स्थापना गरिएको उक्त अक्षयकोषबाट आएको व्याज गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने उनको भनाइ छ । त्यस्तै, डाँडाथोक तमु समाजको भवन निर्माणका लागि १ लाख १५ हजार रुपैयाँ आर्थिक सहयोग हस्तान्तरण गरिएको छ । सुन्दरबजार ९ भोटेवडारस्थित समुता तमु समाजकाको भवन निर्माणमा ५० हजार रुपैयाँ र भोटेवडारस्थित भुतपुर्व सैनिक संगठलाई व्याण्डमिन्टन खेल सञ्चालनका लागि ५ हजार रुपैयाँ सहयोग गरिएको छ । खरजंग समुता गुम्बाको संस्थापक अध्यक्ष समेत हुन् ।



# व्यावसायिक कृषिमा जोड

**सपना बोहरा/मध्यान्ह**
दाङ, ४ असोज

कृषि ज्ञान केन्द्र दाङले आर्थिक वर्ष २०८०/०८१को सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सहभागिहरुले व्यवसायिक खेतितर्फ जोड दिएका छन् । पछिल्लो समयमा विषादी प्रयोगमा वृद्धि तरकारी तथा अन्नवाली भारतबाट आउने गरेकाले स्थानीय स्तरमा उत्पादन भएका वस्तुलाई व्यवसायीकरण गर्नुपर्ने बताएका थिए ।



कार्यक्रममा सहभागी कृषक कर्न बहादुर चौधरीले किसानहरुको मागमा आधारित कार्यक्रमहरु सञ्चालन गर्न कृषि ज्ञान केन्द्रलाई सुझाव दिएका थिए । किसानहरुलाई आवश्यक पर्ने बिउ बिजन लगायतका सामग्रीहरु उनीहरुको माग अनुसार नै कृषि ज्ञान केन्द्रले उपलब्ध गराउनुपर्ने उनले बताए ।

'प्रायः कृषिजन्य सामग्री भारत तथा अन्य देशबाट आउँछ,' उनले भने, 'हामीले यही बिउ बिजन उत्पादन गरेर यहि व्यवसाय रुपमा सञ्चालन गर्न सक्नुपर्छ ।' अर्का कृषक ऋषिराम चौधरीले स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरुलाई सरकारले बजार व्यवस्थापन गरिदिनुपर्ने बताए ।

स्थानीय स्तरमा नै कच्चा पदार्थदेखि बिउ बिजन, अन्नवालीको सम्भावना भएकाले उचित मूल्य तोकेर व्यवसायीकरण गरिदिनुपर्ने उनले बताए । कृषकबाट सानो लगानीबाट नै राम्रो आयआर्जन गर्न सकिने बताए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र दाङका कृषि अर्थ विज्ञ पृथ्वीराज लामिछानेले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्लामा सिँचाइसहित कृषि विकास कार्यक्रम, बिउ उत्पादन कार्यक्रम, माटो व्यवस्थापन कार्यक्रम, स्थानीय तहसँग सहकार्य गरेर करार खेती कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रमहरु सञ्चालन गरेको बताएका थिए । महिला लक्षित समुहमा तरकारी नर्सरीमा बिउ उत्पादन गरी ८० हजार बिरुवा बिक्री वितरण गरी ४ लाख आय आर्जन गर्न सफल भएको बताए ।

धान, तरकारी बसन्ते मकै लगायतका बालीहरु एक सय हेक्टर जग्गामा खेती गरेर एक करोड ४६ लाख रकम आम्दानी गर्न सफल भएको उनले बताए ।

कृषि ज्ञान केन्द्र दाङका निमित्त कार्यालय प्रमुख पिताम्वर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कार्यालयका निमित्त प्रमुख बस्नतेतले तत्काल अर्गानिक खेतीमा जान नसकिने बताएका थिए । अत्यधिक मात्रा विषादीको प्रयोग र दूषित वातावरणको कारण अर्गानिक खेतीमा तत्काल सम्भव नभएको बताए ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्माले किसानलाई प्रोत्साहन गर्नुपर्ने बताए । किसानले प्रोत्साहन गर्न नसके हामी कृषिमा आत्म निर्भर गर्न नसकिने उनको भनाइ छ ।

'सरकारले बजारीकरणको व्यवस्थापन गरिदिनुपर्छ, किसानहरुले यहाँ खेती गरिरहेका हुन्छन्, भारतबाट आइ रहेको हुन्छ' उनले भने, 'किसानहरुले उचित मूल्य पाइरहेका छैनन् ।' वास्तविक किसानले अनुदान नपाएको गुनासो आइरहेको उनले बताए । कार्यक्रमको सहजीकरण कृषि प्रसार अधिकृत आशा भण्डारीले गरेकी थिइन् ।

## संकटमा...

छन् भने निकिता रविका पत्नी हुन् । रविले भने उक्त कम्पनीका कर्मचारीलाई तलब खुवाउन चेक काटेको बताउँदै आएका थिए । तर प्रतिवेदनले त्यस्तो देखिएन ।

अझ रवि लामिछानेले सार्वजनिक रुपमा गोरखा मिडिया नेटवर्कमा १५ प्रतिशत स्वेट शेयर लिएको विषय पनि अवैधानिक र कीर्ते भएको प्रतिवेदनले औंल्याएको छ । शेयर लेनदेनका क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयमा कीर्ते भौचर तयार पारेको संसदीय समितिको निष्कर्ष छ ।

यसरी रवि लामिछाने मात्र नभएर उनका पार्टीका अरु नेता समेत जोडिनेगरी तयार पारेको प्रतिवेदनलाई समेत आधार मानेर प्रहरीले पुरक जाहेरी अगाडि बढाउन लागेको स्रोतले बताएको छ । अर्थात् एकपछि अर्को संकटमा पर्दै आएको रवि र उनको दल रास्वपालाई सहकारी प्रकरणबाट बच्न सक्ने आधार कमजोर छ । तर उक्त पार्टीका नेताहरुले भने रवि लामिछानेले सफाइ पाएको दावी गरिरहेका छन् ।

## राष्ट्रसंघ...

हस्तक्षेप नगर्ने, कसैको सार्वभौमसत्तामा दखल नदिने र आफ्नो स्वतन्त्र हैसियतको नीतिमा कुनै हस्तक्षेप अस्वीकार गर्ने नेपालको नीति छ । त्यो कुरा पनि म संयुक्त राष्ट्र संघमा राख्दैछु ।'

न्युयोर्कमा रहँदा प्रधानमन्त्री ओलीले अतिकम विकसित देशहरूको ग्लोबल समन्वय ब्यूरोको अध्यक्षका रूपमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ । त्यसक्रममा पनि उनले जलवायु परिवर्तनको विषय उठाउने तय भएको हो ।

प्रधानमन्त्रीले समुद्री सतह वृद्धिबाट उत्पन्न अस्तित्व खतरा विषयक समूहगत उच्चस्तरीय बैठक र 'एन्टिमाइक्रोबियल' प्रतिरोध विषयक उच्चस्तरीय बैठकलाई पनि सम्बोधन गर्नेछन् ।

प्रधानमन्त्री ओलीले कोलम्बिया विश्वविद्यालयमा असोज ७ गते आयोजना हुने 'नेपालको प्रजातन्त्र र आर्थिक समृद्धिको यात्रा' विषयमा प्रमुख सम्बोधन गर्नुका साथै असोज ११ गते हुने हार्वर्ड विश्वविद्यालयमा जोन एफ केनेडी जुनियर फोरममा 'नेपालको परिप्रेक्ष्यः सङ्क्रमणकालीन न्यायबाट जलवायु न्याय' विषयक कार्यक्रमलाई पनि सम्बोधन गर्नेछन् ।

प्रधानमन्त्री ओलीले भ्रमण क्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भेटघाट गर्ने कार्यक्रम छ । भ्रमणमा प्रधानमन्त्री ओलीका साथमा उनकी पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सचिव सेवा लम्साल र नेपाल सरकारका वरिष्ठ अधिकारी अमेरिका प्रस्थान गरेका छन् । प्रधानमन्त्री ओली असोज १४ गते स्वदेश फर्कने कार्यक्रम छ ।

अमेरिका भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत भेट्ने प्रयास गर्नेछन् । दुवै देशले भेटका लागि पहल लिएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

## सैन्य...

रहिआएको आपसी सम्बन्ध थप सुमधुर एवं प्रगाढ बनाउन मद्दत पुग्ने सेनाले विश्वास व्यक्त गरेको छ । विगतमा पनि यस्ता कार्य हुँदै आएका छन् । अधिकारीहरूका अनुसार नेपाली सेनाले सन्य कूटनीतिमा जोड दिँदै आएको छ । नेपाली सेनाले विभिन्न मुलुकसँग संयुक्त तालिम, सेमिनार, अध्ययनमा साझेदारीमा काम गर्दै आएको छ । नेपाली सेनाले भारतसँग सूर्य किरण र संयुक्त राज्य अमेरिकासँग 'ब्यालेन्स नेल' तथा 'टेक नेल' नाम दिएर सैन्य अभ्यास समेत गर्दै आएको छ ।

नेपाली सेनाले चीनसँग पनि संयुक्त सैन्य अभ्यास गर्दै आएको छ । चीनसँग 'सगरमाथा मैत्रीपूर्ण अभ्यास-१' स्पेसल फोर्सको संयुक्त अभ्यास हुने गरेको छ ।

नेपाली सेनाले श्रीलकासँग 'कोर्मोरान्ट स्ट्राइक' अभ्यास गरिसकेको छ । बंगलादेशसँग संयुक्त सगरमाथा आरोहणको योजना बनाएको नेपाली सेनाका अधिकारीहरू बताउँछन् ।

गत फागुन १२ गते जंगीअड्डामै आयोजित एक कार्यक्रममा निवर्तमान प्रधानसेनापति राजेन्द्र क्षत्रीले सैनिक कूटनीतिको बारेमा ब्याख्या गरेका थिए ।

उनको प्रस्तुतीका अनुसार सैनिक कूटनीतिको माध्यमबाट मित्र राष्ट्रका सैनिक संगठनसँग आपसी हितमा दुईपक्षीय पेसागत सम्बन्धलाई थप सुदृढ गर्ने सम्बन्धमा उल्लेख्य प्रगति भएको छ ।

नेपाली सेनाका अनुसार अमेरिकी सेनासँग प्यासिफिक एन्जल अभ्यास सञ्चालन हुने तयारी अघि बढेको छ । सैन्य अधिकारीहरू छिमेकी मुलुकका सैन्य संगठनसँग सम्बन्ध विस्तार गर्ने क्रममा नयाँ आयामहरू पनि थपिएका छन् । आतंकवादको सुरक्षा चुनौतीलाई मध्यनजर राख्दै चीनसँग नेपाल-चीन स्पेसल फोर्स संयुक्त ट्रेनिङ 'सगरमाथा मैत्रीपूर्ण अभ्यास-१' को अभ्यास गर्ने तयारी छ ।

नेपाली सेनाले पाकिस्तानसँग पनि संयुक्त अभ्यासको प्रस्ताव अघि बढाएको थियो । तर, भारतले चासो देखाएपछि उक्त प्रस्ताव रद्द भएको बताइएको छ । भारतले चीनसँगको सैन्य अभ्यासमा समेत चासो देखाउँदै आएको छ ।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८०/०५/०५ गते**

**यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपशिल**

| सि. नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट सहितको मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | HITECH | HS-131LN | 131L | CHINA | PCS | 23,120.00 | 23,120.00 | |

**जे.एन.इण्डस्ट्रीज प्रा.लि., सँतुगल, काठमाडौं, फोन नं. ९८०१३१५७५० स्थायी लेखा नं. ६०१८५६५५८**

मध्यान्ह
www.madhyanhadaily.com



# सरकारले 'बेरुजु फछ्र्यौट समिति' गठन गर्ने

**काठमाडौं/मस-** सरकारले सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजु फछ्र्यौट गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिका सदस्य अच्युतप्रसाद मैनालीको अध्यक्षतामा 'बेरुजु फछ्र्यौट समिति' गठन गर्ने र समितिको कार्यक्षेत्र तोक्ने भएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बुधबार बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सूचना सञ्चार तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रत्येक वर्षको वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसको रुपमा मनाउने निर्णय भएको जानकारी दिए।

सरकारका प्रवक्तासमेत रहेका गुरुङले भने,'आगामी कात्तिक ५ देखि १० सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन उपप्रधानमन्त्री एंव अर्थमन्त्री नेतृत्वको प्रतिनिधि मण्डललाई स्वीकृति दिने निर्णय भएको छ।'



त्यसैगरी सरकारले काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना (दोस्रो) को लागि एसियाली विकास बैंकबाट प्राप्त हुने एक सय ७० मिलियन अमेरिकी डलर (करिब रु २२ अर्ब ८९ करोड) बराबरको सहुलियतपूर्ण ऋण सहायता तथा १७ मिलियन अमेरिकी डलर (करिब रु दुई अर्ब एक करोड रुपैयाँ) बराबरको अनुदान सहायता एवं 'जापान फण्ड फर प्रोस्प्रेरस एण्ड रेजिलेन्ट एसिया एण्ड दी प्यासिफिक'बाट प्राप्त हुने तीन मिलियन अमेरिकी डलर (करिब रु ४० करोड ३९ लाख रुपैयाँ) बराबरको अनुदान सहायतासम्बन्धी वित्तीय सम्झौता तथा अन्य दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सह-सचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ।

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशका, २०७० खारेज गर्ने, नेपाल र गणतन्त्र इण्डोनेसियाबीच हुने द्विपक्षीय परामर्श संयन्त्र स्थापनासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उल्लिखित समझदारी पत्रमा समकक्षीलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने सरकारले निर्णय गरेको छ।

सरकारका प्रवक्ता गुरुङले भने, 'नेपाल र गणतन्त्र इण्डोनेसियाबीच कूटनीतिक तथा विशेष राहदानी वाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौता स्वीकृत गर्ने र उल्लिखित सम्झौतामा समकक्षीबीच हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निणर्य भएको छ।' मन्त्रिपरिषद्ले नेपाल इन्टरनेट मोडल यातायात विकास, काठमाडौंलाई दोधारा चाँदनी सुख्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने निर्णय पनि गरेको छ। त्यसैगरी सरकारले नेपाल प्रशासन सेवा समूह तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा कमलप्रसाद पोखरेल (शर्मा) लाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशमा पदस्थापन गर्ने भएको छ। सञ्चारमन्त्री गुरुङले वर्तमान सरकारको साझा संकल्प तथा नीतिगत प्रतिबद्धता सम्बद्ध सबै मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय भएको जानकारी दिए।

# चर्काचर्कीबीच कतारमा मनाइयो संविधान एवम् राष्ट्रिय दिवस



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ असोज

नेपाली दूतावास कतारले आयोजना गरेको 'नवौं संविधान दिवस एवम् राष्ट्रिय दिवस' कार्यक्रम चर्काचर्कीबीच सम्पन्न भएको छ। दूतावासको सभा हलको बाहिर शुक्रबार बिहान झन्डोत्तोलनपछि सभा हलमा दीप प्रज्वलन गर्दै शुरु गरिएको कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए) एनसीसी कतारका अध्यक्ष रमेश भट्टले शुभकामना मन्तव्य राखेकाथिए। त्यसलगत्तै नेपाल व्यवसायी संघ कतारका उपाध्यक्ष नरेन्द्र भाटले शुभकामना मन्तव्य राखे।

भाट मन्तव्य राखेर पोडियमबाट बिदा भएपछि कार्यक्रम सञ्चालक सन्दीप सापकोटाले नेपाली दूतावास कतारका कार्यवाहक राजदूत कुमार राईलाई शुभकामना मन्तव्य राख्न पोडियममा आमन्त्रण गरे। राई पोडियम नपुग्दै नेपाली जनप्रगतिशील मञ्च कतारका अध्यक्ष राजेन्द्र देवकोटाले जुरुक्क उठेर कम्तीमा प्रतिनिधि सभामा रहेका राजनितिक दलका भ्रातृ संगठनलाई शुभकामना मन्तव्य राख्न किन दिइएन भनेर प्रश्न गरे। देवकोटासँगै रहेका प्रवासी नेपाली एकता मञ्चका अध्यक्ष मोहमद मुक्तदाले समेत समर्थन जनाए। नेपाली जनसम्पर्क समिति कतारका सभापति मोहमद अजिज अलि, प्रवास नेपाली सम्पर्क विभाग-कतारका सभापति अब्दुल करीमसहित अन्य भ्रातृ संगठनका प्रतिनिधि तथा प्रमुखले कार्यक्रममा शुभकामना मन्तव्य राख्न पाउनुपर्ने भनि आवाज चर्काए।

सभापति अलिले विश्वभर रहेका र खाडीका अन्य दूतावासले सबै संघ संगठनलाई समेटेर भव्यरूपमा संविधान दिवस मनाइरहँदा कतारको दूतावासमा सिन्डिकेट किन लगाइएको हो भनेर प्रश्न गरे। कार्यक्रममा यही विषय चर्कँदै गयो। पोडियममा रहेका राईले चर्का चर्की १५ मिनेटसम्म हेरिरहे। उनले प्रधानमन्त्री अमेरिका जाने र प्रोटोकल ड्युटीका कारण एयरपोर्ट जानु परेको हुँदा कार्यक्रम छोट्याइएको बताए, तर उनका कुरा न कसैले सुने न कसैले माने नै।

देशको आमूल परिवर्तनमा नेपाली राजनितिक दलको प्रमुख भूमिका हुन्छ, एनआरएन र व्यवसायी संघको के भूमिका छ र संविधान दिवसमा स्थान दिइयो र भ्रातृ संगठनलाई बाइपास गरियो भन्दै बहस चर्काचर्कीमै बढी रह्यो। कि शुभकामना मन्तव्य राख्न पाउनुपर्ने नत्र आफूले यो कार्यक्रम नै बहिस्कार गर्ने भन्दै देवकोटा हलबाट बाहिरिन खोजेपछि शुभकामना मन्तव्य राख्न दिनुपर्ने कुरामा हलमा उपस्थित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिले हुटिङ गर्दै ताली बजाएर समर्थन गरे।

जनसम्पर्कका सभापति अलिले दूतावासका बेतिथिका विरुद्ध बोल्छन् भनेर सिन्डिकेट लगाएको आरोप लगाएपछि नेपाली दूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदीले संगठनको नेतृत्व गरेका व्यक्तिहरूले त्यसरी गलत आरोप नलगाउन चेतावनी दिँदै कड्किए। संविधान दिवस मनाउन दूतावासको हलमा जम्मा भएकाहरू एकातिर र दूतावास एकातिरको जस्तै माहोल बन्दै गएपछि प्रथम सचिव सुवेदीले माहोललाई सम्हाल्दै कार्यक्रम तालिका बनाउने क्रममा केही त्रुटि भएको महसुस दूतावास परिवारले गरेको हुँदा उक्त गल्तीका लागि माफी माग्दै सबैलाई शुभकामना मन्तव्य राख्न दिने बताएपछि कार्यक्रम पुनः शुरु भयो।

त्यसपछि मात्र सौहार्दपूर्णरूपमा वैचारिक संगठनसहित आदिवासी जनजाति महासंघ, नेपाली महिला समाजसहित केही सामुदायिक संस्थाका प्रमुखले शुभकामना मन्तव्य राखे। नेपाल पत्रकार महासंघ शाखा कतारलाई किन बाइपास गरेको भनि अध्यक्ष दिल श्रेष्ठले प्रश्न गरे। उनले दूतावासले बनाएको सेड्युलमा महासंघलाई सामुदायिक संस्था भन्दा पछाडि राखेर राष्ट्रको चौथो अंगको अपमान गरेको भन्दै भविष्यमा सुधारेर लैजान सुझाव दिए।

सचिव सुवेदीले माहोललाई चिस्याउँदै, माफी माग्दै, सम्हाल्दै कार्यक्रमलाई सहजीकरण गर्दै गए। कार्यक्रमको अन्तिममा कार्यबहाक राजदूत राईले नेपाली दाजुभाइ दिदीबहिनीलाई राष्ट्रिय दिवस तथा संविधान दिवसको शुभकामना दिएका थिए। उनले नेपालको संविधानमा समानता, स्वतन्त्रता, सम्मान र सबै नेपाली नागरिकको मानव अधिकारसहित विशेष विशेषताहरू रहेको बताएका थिए। सार्वभौम सत्ताको मालिक नेपाली जनता नै हुने कुरा नेपालको संविधानले प्रमाणित गरेको र राष्ट्रिय एकतामा जोड दिएको बताए। मन सफा, शुद्ध र पवित्र भए व्यवहार पनि राम्रो हुने उनको धारणा थियो।

# राजपुर नगरमा हैजाका बिरामी बढे



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ४ असोज

रौतहटको राजपुर नगरपालिकामा हैजाका बिरामी बढेका छन्। नगरपालिकाको वडा नम्बर ४ मा एकै पटक आठदेखि १० जना हैजाका बिरामी भेटिएका छन्। राजपुरमा २५ देखि ३० जनामा हैजाको संक्रमण देखिएको छ।

मौसम र खानपानको कारण अचानक हैजा देखापर्न थालेको प्राथमिक स्वास्थ्य केन्द्रले जनाएको छ। राजपुर नगरपालिकाका नगर प्रमुख डाक्टर राजीक आलम बाहिर भएपनि उनले फोन गरेर राजपुर स्वास्थ्य शाखालाई बिरामीको उपचार, रोकथाममा कुनै कसर बाँकी नराख्न निर्देशन दिएका छन्।

प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरुले हैजाका बिरामीहरुको उपचार गर्न जुटेका छन्। बिरामीहरुको स्वास्थ्य निको पार्न कुनै कसर बाँकी नराक्न स्वास्थ्यकर्मीलाई नि. प्रमुख खुर्सीद आलमले पनि निर्देशन दिएका छन्। हैजाका बिरामीहरुको उपचार भइरहेको स्वास्थ्यकर्मी वसीम अखतर खाँनले बताए।

# वीरगञ्जका ३२ वडामा स्वच्छ खानेपानीको पहुँच पुऱ्याइने

**ध्रुव अधिकारी/मध्यान्ह**
वीरगञ्ज, ४ असोज

वीरगञ्ज महानगरपालिकाले खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा महानगरका ३२ वटै वडाका नागरिकको पहुँचमा सुरक्षित र स्वच्छ खानेपानी पुऱ्याउन गुरुयोजना बनाउने भएको छ।

खानेपानी संस्थान, युनिसेफ र वीरगञ्ज महानगरपालिका बीच शुक्रबार सम्पन्न बैठकमा महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगञ्जका ३२ वटै वडामा देखिएको खानेपानी समस्यालाई समाधान गर्न महानगरपालिकालाई युनिसेफ र खानेपानी संस्थानको सहयोग आवश्यकता रहेको जोड दिएका थिए।

उनले स्वच्छ र सुरक्षित खानेपानीको समस्या दीर्घकालीन रुपमा समाधान गर्न गुरु योजना बनाएर कार्यान्वयन गर्न ढिलाइ भइरहेको भन्दै छिटो योजनालाई



कार्यान्वयनमा लैजान जरुरी रहेको समेत बताए।

नगर प्रमुख सिंहले सुरक्षित र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्नु महानगरको मुख्य प्राथमिकता भएको बताउँदै सुरक्षित खानेपानीको परीक्षणका लागि युनिसेफले ल्याब स्थापना गर्न लागेकोमा खुशी समेत व्यक्त गरे।

बैठकमा खानेपानी गुणस्तर अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याउने तथा महानगर, नेपाल खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा खानेपानी तथा सरसफाइ कार्य योजना लागु गर्ने निर्णय भएको छ।

महानगर प्रमुख सिंहको अध्यक्षतामा सम्पन्न बैठकमा उप-प्रमुख इम्तियाज आलम, निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, नेपाल खानेपानी संस्थानका महाप्रवन्धक त्रिदिप कुमार श्रेष्ठ, इन्जिनियर निरण महर्जन, प्रविण कुमार साह, युनिसेफका प्रमुख इरफान एस, सुरेन्द्र बाबु ढकाल, सिद्धि श्रेष्ठ, महानगरपालिकाका प्राविधिक सल्लाहकार इन्जिनियर प्रकाश अमात्य, राकेश साह लगायतको सहभागिता रहेको थियो।

# अर्घाखाँचीमा ज्वरो, डेंगु र स्क्रब टाइफसका बिरामी बढे



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ असोज

अर्घाखाँचीमा विगत तीन सातादेखि भाइरल ज्वरो,डेंगु र स्क्रब टाइफसका बिरामी बढेको पाइएको छ।

जिल्लाका सबै निजी अस्पताल, क्लिनिक मेडिकलहरुमा भाइरल ज्वरो,डेंगु र स्क्रब टाइफसका बिरामी बढेका छन्।

जिल्ला अस्पतालको ओपीडी कक्षमा दैनिक २ सयभन्दा बढी बिरामी आउने गरेकोमा अहिले बढेर तीन सयदेखि तीन सय पचाससम्म पुगेका छन्। जिल्ला अस्पताल अर्घाखाँचीका प्रमुख डाक्टर जगन्नाथ तिवारीका अनुसार विगतका वर्षमा डेंगु र स्क्रब टाइफसका बिरामी खासै नदेखिएकोमा यस वर्ष भने बिरामी निकै बढेका छन्।

साउन, भदौ र असोज ४ गते सम्म अर्घाखाँची जिल्लाभरका ५० बिरामीलाई डेगु संक्रमण पुष्टि भएको छ भने २८ जनामा 'स्क्रब टाइफस' देखिएको जिल्ला अस्पताल अर्घाखाँचीको रेकर्डमा उल्लेख छ। जिल्ला अस्पतालमा जस्तै अर्घाखाँचीको निजी अस्पताल छाया अस्पतालमा पनि डेंगु र स्क्रब टाइफसका बिरामीको संख्या निकै बढेको अस्पतालका प्रमुख फिजिसियन मुटुरोग विशेषज्ञ डाक्टर प्रदिप केसीले बताए।

छाया अस्पतालमा अहिले दैनिक ३ सयदेखि ४ सय बिरामी ओपीडीमा चेक जाँच गराउन आउने गरेका छन्। अर्घाखाँची जिल्ला अस्पताल तथा अर्घाखाँची छाया अस्पताल सन्धिखर्कमा पछिल्लो समय भाइरल ज्वरोका बिरामीको संख्या निकै बढेको बताइएको छ। ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, कमजोर महसुस हुने जस्ता लक्षण देखिने तर सामान्य उपचारले बिरामी निको नहुने हुनाले बिरामीलाई अस्पतालमै भर्ना गरी उपचार गर्नुपरेको जिल्ला अस्पतालका एमडीजीपी डाक्टर अशोक शाहले बताए।

सामान्य ज्वरो देखिएपनि समयमै स्वास्थ्य संस्थामा गइ चिकित्सकहरुको सल्लाह लिन र उपचार गर्न अस्पतालले सबैलाई आग्रह गरेको डाक्टर शाहले बताए। रुघाखोकी जस्तो सामान्य देखिए पनि डेंगु र स्क्रब टाइफस समेत हुने भएकाले सचेत हुनपर्ने डा.शाहको भनाइ छ। अर्घाखाँची जिल्ला अस्पताल ५० बेड क्षमताको अस्पताल हो। अर्घाखाँची र छिमेकी जिल्ला गुल्मी, प्युठानको उत्तरी क्षेत्रका बिरामीले अर्घाखाँची अस्पतालबाट सेवा लिने गरेका छन्। यहाँ दैनिक ओपीडीमा ४ सय र इमरजेन्सीमा ६० बढी दैनिक बिरामी आएर उपचार सेवा लिने गरेका अस्पतालका सूचना अधिकारी निम रानाले बताए।

अहिले अस्पताल आएका अधिकांश बिरामीलाई भर्ना गरेर उपचार गर्नुपर्ने अस्पताललाई बाध्यता हुन्छ। सुविधा सम्पन्न भवन निर्माण समयमै शुरु नहुँदा अस्पतालमा भर्ना भएर उपचार गर्नुपर्ने बिरामीलाई प्यासेज र बेन्चमा राखेर उपचार गर्नुपर्ने बाध्यता भएको अस्पतालका प्रमुख डा.जगन्नाथ तिवारीले बताए।

# जयपृथ्वीका ८ विद्यालयमा आइसिटी ल्याब स्थापना



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ४ असोज

प्रगतीशिल युवा समाज बझाङले बझाङको जयपृथ्वी नगरपालिकाका आठ वटा सामुदायिक विद्यालयहरुमा सूचना, सञ्चार तथा प्रविधि (आइसीटी) ल्याब स्थापना गरेको छ।

वर्ल्डभिजन इन्टरनेश्नल नेपाल, एडुटेक नेपालको आर्थिक सहयोग र प्रगतिशिल युवासमाजद्वारा संचालित विद्यालयमा प्रविधिमैत्री शिक्षा सिक्ने अवसर (टेलस) परियोजना अन्तर्गत उक्त ल्याब स्थापना गरिएको हो। आइसिटी ल्याबमा विद्यालयमा विद्यार्थीको पठनपाठनमा आवश्यक शैक्षिक सामग्री (इ-लाइब्रेरीसहित)को ३ घण्टा पावर ब्याकअप, फर्निचर आवश्यक रंगरोगनसहित कक्षाकोठा व्यवस्थापन गरी ल्याबको स्थापना गरिएको छ। जयपृथ्वी नगरपालिका-१ कैलाशमा रहेको नारायण माध्यामिक विद्यालयका प्रधानाध्यापक ऐन बहादुर सिंहले भने,'अहिलेसम्म विद्यालयले कक्षा ४ देखि १० सम्म कम्प्युटर बिना नै कम्प्युटर विषय अध्यापन गराइरहेको थियो। प्रयोगात्मक परीक्षा गर्ने कम्प्युटर नभएकोले थौरी टिकल मात्र पढाइ हुन्थ्यो, अब कक्षाका १ देखि १० सम्मका विद्यार्थीहरुलाई एक साथ आइसिटी ल्याबको प्रयोग गरी अध्यापन गराउन सहज भएको छ।'

सुनिपिपलचौर माध्यामिक विद्यालय सुवेडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धिरेन्द्र बहादुर सिंहले डिजिटल साक्षरता अभियानमा समुदायका युवाहरुलाई पनि समेट्ने सर्त रहेकाले फुर्सदको समयमा विद्यार्थी बाहेक अन्य युवायुवतीहरुले पनि ल्याबमा पढ्न र सिक्न पाउने उनको भनाइ छ।

संस्थाले ल्याब सञ्चालन गर्नुअघि विद्यालयका शिक्षकलाई तालिम प्रदान गरेको छ, भने विद्यालयका प्रधानाध्यापक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक संघ र जनप्रतिनिधिहरुलाई ल्याबको व्यवस्थापन र सञ्चालन सम्बन्धी विभिन्न समयमा छलफल पनि गर्दै आएको प्रगतिशिल युवा समाजका अध्यक्ष रमेश केसीले बताए। जयपृथ्वी नगरपालिकाभित्रका नारायण माध्यामिक विद्यालय, बालविकास माध्यामिक विद्यालय, पाण्डु माध्यामिक विद्यालय, निलकट्टी माध्यामिक विद्यालय, सुनिपिपल चौर माध्यामिक विद्यालय,भवानी माध्यामिक विद्यालय,शिशु आधारभूत, विद्यालय र सुर्मा आधारभूत विद्यालय गरी नगरपालिकाका ८ वटा विद्यालयमा आइसिटी ल्याब स्थापना गरिएको समेत अध्यक्ष केसीले बताए।

पढाइलाई अझ रोचक

आइसिटी ल्याब स्थापना भएपछि शिक्षक तथा विद्यार्थीहरुलाई पठनपाठनमा सहज भएको विद्यालय परिवारको भनाइ छ। नारायण माध्यामिक विद्यालयकक्षा आठमा अध्ययनरत छात्र आनन्द सिंहले कम्प्युटर ल्याब स्थापना भएपछि विद्यार्थीहरुले कम्प्युटर प्रयोग गरेर अध्ययन गर्न सहज भएको बताए।

उनले पहिले कम्प्युटर नहुँदा प्रयोगात्मक कक्षा लिन समस्या हुने गरेको भन्दै अब त्यो समस्या समाधान भएको बताए। कम्प्युटर पढाइमा मात्र सिमित भएको र अहिले प्रयोग गर्दा निकै सहज र पढाइ नै रोचक भएको बताए। नारायण माध्यामिक विद्यालयका शिक्षक नरेन्द्र बहादुर दौल्यालले संस्थाले कम्प्युटर ल्याब स्थापना गरिदिएपछि पठनपाठनमा निकै सहयोग भएको बताए। यसबाट शिक्षक र विद्यार्थी दुवैलाई पठनपाठनमा सहज भएको उनको भनाइ छ। परियोजनाले ल्याब स्थापना गरिदिएपछि विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नुका साथै अभिभावकको पनि चासो बढेको छ।

प्रगतिशिल युवा समाजमा कार्यरत टेलस परियोजनाका अधिकृत पाण्डव पुजाराले अबको शिक्षा प्रविधिमैत्री हुन आवश्यक भएको बताए। विद्यालय शिक्षामा प्रविधि निकै महत्वपूर्ण भएको भन्दै विद्यालयलाई प्रविधि मैत्री सिकाइ गर्ने र बालबालिका, शिक्षक तथा अभिभावकलाई प्रविधिबारे सचेत गराउने परियोजनाको उद्देश्य रहेको बताए। आइसिटी ल्याबको दिगोपनाका लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थापन र प्रयोग सम्बन्धी कार्यविधि २०८१ निर्माण गरी सोही अनुसार ल्याब सञ्चालन गरेको समेत पुजाराको भनाइ छ।

## कथा

# पश्चाताप

पति, “मरे के हुन्छ नदीमा फ्याँकी दिन्छु” भन्दै पत्नीको अपमान गर्थ्यो, आज कान्छी स्वास्नीको रात दिनको अपमान सहेर लाचार छ । पतिलाई पिट्ने ऊ, पति पत्नीको तगारोको पिटाइ खानु लाग्यो । न छोड्न सक्छ, न साथ निभाउन ।



■ कुञ्ज देवी उपाध्याय



समयले कसैलाई पनि झटारो हान्न सक्छ, सन् १९९८ को कुरा । राधिका रोगले ग्रस्त छे । छिन् छिनमा भुँडी दुखेर फत्र्याक-फत्र्याक हुन्छे । फेरि उठेर काम गर्न थाल्छे । नगरेर के गरोस् । उसको पति बौलाहा जस्तो छ । भैँसीको दूध खाएर राँगाको बुद्धि भएको । दूधको भार बोकेर घर आउँदा सासूको नौटङ्की सुरु हुन्छ । तेरी स्वास्नीले यसो गरी, मलाई टेर्दिन, मुखमुखै लाग्छे इत्यादि । सही अनि गलत निर्णय गर्न ऊ जान्दैन । जङ्गली अर्ना झम्टे झैँ झम्टेर जान्छ, अनि काठको चिरुवा दाउरो लिएर पिटाई गर्छ ।

राधिका रुन्छे, कराउँछे । तर, उसलाई कसैले सुन्दैन, कसैले बुझ्दैन । सुन्छन् केवल अदृश्य शक्तिले, जो कहिल्यै कसैलाई देखा नदिई आफ्नो निर्णय लिन्छन् । त्यसरी नै कहिले खान्छे, कहिले नखाईकन दिन बितेर जान्छ । ऊ भगवानसँग सिकायत गर्छे, “मलाई किन जिउँदो लास बनाएर राख्छौ भगवान ? म अब बाँच्न खोज्दिन, कसको लागि बाँच्नु ?”

एउटी नारीको मर्म वेदनामा हताहत भएर पनि केही गर्न नसकेर म आफैँ लज्जित हुन्छु । साहस गरेर प्रतिवाद गर्न जाँदा अवहेलित भएर त्यो ठाउँलाई छोड्ने फैसला लिन्छु । एक्लो बृहस्पति झुटो भन्ने कुरा सही रहेछ । दिनदिनै उसका आँखाबाट बगेका आँसु भगवान सामु पुग्छन् । ऊ रोगाउँछे । तर, घमन्डी पति र सासू उसलाई उपचार गर्ने नाउँ लिँदैनन् । पेटभित्र एउटा बच्चाको साथै बढी रहन्छ गोल्ड ब्लडर । पाँच महिनाको बच्चाले जब पेटमा चटपटाउन थाल्छ, राधिका गोल्ड ब्लडरको दुखाइमा बिस्तारा लिन्छे । उसको घमन्डी पतिसँग थोरै सहानुभूति आशा राख्दै भन्छे, “फलानीको पिता, म मर्छु होला अब...” तर, ऊ भन्छ, “मरिस् भने नदीमा लगेर डढाइ दिन्छु ।” “खुट्टा भए जुत्ता पाइन्छ, छोरा चिन्ता नगर” भन्दै सासू पनि छोराको साथ दिन्छिन् ।

अन्तिम समयमा कहीँ गएर वन औषधी ल्याएर खुवाउँछ, उसको पतिले र त्यही काल भएर दुईटा आत्माको दुःखद निधन हुन्छ । तिन सन्तानपछि डाक्टरको सल्लाहअनुसार अरू सन्तान नहोस् भन्ने कुरालाई लत्त्याउँदै चौथो सन्तान अर्को छोरो चाहिन्छ भनेर एउटा गँवारले टुहुरा बनाउँछ दुई छोरी र एउटा छोरालाई । राधिका दुःखद जीवनबाट मुक्त हुन्छे सधैँको लागि । तर, उसका सन्तानले झेल्दछन् टुहुरा हुनुको मर्मान्तिक जीवन ।

उसको पाखण्ड पतिलाई केही असर पर्दैन, किनकि उसकी आमा सधैँ उसको हौसला बढाउँछिन् । पत्नी मरेको क्रिया कर्म हुँदै भएको छ । छोरो बालखै हुनाले जेठाजुले किरिया गर्नु पर्ने । पाँच दिनको गरूण पुराणमा सबै बसिरहेका बेला आमा-छोरा अर्को बिहे गर्ने सल्लाह गरेको सुनेर अचम्म लाग्यो । “छि: कस्तो सोच हजुरहरूको । मरेको काम पनि सिद्धिएको छैन । मृतकको आत्माले शान्ति कताबाट पाउला ?” बौलाहा जस्तो उमेशको वाक्य बाणले झिरले कलेजोमा घोचे जस्तो लाग्यो धेर जान्ने हुनु पर्दैन । हामी जान्दछौ हाम्रो घरको कुरा ।

> राधिका रुन्छे, कराउँछे । तर, उसलाई कसैले सुन्दैन, कसैले बुझ्दैन । सुन्छन् केवल अदृश्य शक्तिले, जो कहिल्यै कसैलाई देखा नदिई आफ्नो निर्णय लिन्छन् । त्यसरी नै कहिले खान्छे, कहिले नखाईकन दिन बितेर जान्छ । ऊ भगवानसँग सिकायत गर्छे, “मलाई किन जिउँदो लास बनाएर राख्छौ भगवान ? म अब बाँच्न खोज्दिन, कसको लागि बाँच्नु ?”

उनीहरूको सोच र व्यवहारमा म निकै खिन्न भएँ । काम सकेर केही दिन पछि म त्यहाँबाट आफ्नो कर्म क्षेत्र तर्फ लागेँ । वर्ष दिन नपुग्दै दोस्रो विवाह गर्‍यो उमेरले । डेढ वर्षभित्र एउटी छोरी उपहार दिएर त्यसलाई लखेटेको खबर आयो । नारीको जीवनलाई खेलौना ठान्ने त्यस पाखन्डीले देशका कुना काप्चामा केटी खोज्न लाग्यो अनि फेरी ढाँटी, छली अर्की बिहे गर्‍यो ।

वर्ष दिनमा छोरी जन्मिन्छे । छोरी जन्माउनु नै उसको अपराध भयो । सधैँको कुटपिट र अत्याचार सहन नसकेपछि आफ्नी छोरी साथमा लिएर माइती घर जान बाध्य भएकी त्यो नारी फेरि घुरेर आइन । आफ्नो नाउँ परिवर्तन गर्दै अब ऊ निक्लन्छ चौथो बिहेको तलासमा । फेला पार्छ अर्को सिकार । लिएर आउँछ एउटी तरुनी । त्यसको छोरो भयो । अति नै रमाए । घरका कुरा सबै खोलेर अरूको बदनाम सुनाउने गर्थे आमा छोरा । तिनीहरूलाई राम्रो चिन्न लागि उसले । दुई वर्सपछि फेरि अर्को छोरो । छोरै मात्रै संसार हो भन्ने उसका पति उसको जायज नाजायज सबै अभाव पुरा गर्न थाले ।

अनपढ हुनाले ऊ उनीहरूको मायाको अपप्रयोग गर्न लागि । दिनदिनै जतातत्तै घुम्न हिँड्ने र जेसुकै खाने भएपछि घरमा दिनरात झगडा हुन्छ । ऊ न पतिको कुरो सुन्छे, न सासूको । रक्सी धोकेर पर पुरूषको सम्पर्क गर्न पनि उसलाई कुनै हिचकिचाहट हुन छोड्यो । नारीको गहना भनेर चिनिने सिन्दूर निकालेर आँगनमा फ्याँक्ने, छोरो पिट्ने उसको नित्य नैमित्तिक घटना भयो । गाउँका मान्छे हरू पाप यसरी नै कराउँछ भन्दै केही बोलेनन् ।

परिस्थिति सम्हाल्न नसकेर दिन दिनै कुटपिट गर्दा गर्दै सासू एक्लै बसेर खान्छु भन्दै छुट्टै खान लागिन् । पहिलो बिहे गरेकी बुहारीका छोराछोरी साथमा लिएर उनी आफैँ पकाएर खानुपर्ने भयो । त्यति बेला पहिलो बुहारीको गुण गाउने अवसर मिल्यो तर, ढिलो भयो । समयमै खुट्टा भए जुत्ता पाइन्छ, नभनेर उचित चिकित्सा गरेको भए सायद आज यो दिन देख्न पर्ने थिएन होला । पति, “मरे के हुन्छ नदीमा फ्याँकी दिन्छु” भन्दै पत्नीको अपमान गर्थ्यो, आज कान्छी स्वास्नीको रात दिनको अपमान सहेर लाचार छ । पतिलाई पिट्ने ऊ, पति पत्नीको तगारोको पिटाई खानु लाग्यो । न छोड्न सक्छ, न साथ निभाउन । कुमालेको चक्र झैँ घुमी रहने मान्छेको जीवनमा आज तै जेठीको छोराको सहारा खोज्दै त्यसकै आशामा बसेको छ उमेश । जिन्दगीको उतार चढाव सबैको जीवनमा आउँछ । तर, मेरा छोरा छोरी छन्, मेरो यत्रो सम्पत्ति छ भनेर घमन्ड गर्नु बेकारको कुरा हो । समय बलवान छ । त्यसैले त उखान छ, ‘चार स्वास्नीको पोइ कुना कुना पसेर रोइ’, राधिकाको आत्मा परै बसेर हेरि रहेको हुन्छ, पति र सासूको बेहाल । समयको चक्रव्यूहमा उनीहरू बन्दी भइसकेका हुन्छन् । उनीहरुसँग बाँकी विकल्प केही हुँदैन ।

# आफ्नै कुरा

लघुकथा



■ धनराज गिरी

“कति फुरेको ? कति लेख्न सकेको हो ? किन यति अराजक हो ? अण्टसण्ट जे पनि लेख्ने ?” एक अल्छी, जसले जीवनमा तीन वाक्य पनि लेखेन र पनिलाई पनी, नि निपातलाई नी र मानिसलाई मानीश लेख्यो जिन्दगीभर । “हो त, दिक्क बनाउने । अराजक नै हो । ज्याद्रो । कसैको पनि कुरा सुन्ने होइन । आफ्नो सुर छ, छ । कति सोचेको ? दिक्क लाग्यो ।” दोस्रो पण्डित, शुभचिन्तक, सबैको, एक गतिलो भ्रम । तेस्रो अघि सर्‍यो, “होइन यार, प्रतिभा त छ, तर खेर फाल्यो । टाउको कत्रो छ ! आम्मै, तिहारमा दिदीबहिनीले ढाका टोपी नपाउने रे बजारमा ! मान्छे कस्तो जन्मिएको हो, अजेय । आशुतोष पनि । साना-साना कुरामा पनि रमाउने । जे भए पनि मान्छे रिसाउने होइन है, खराब भन्न मिल्दैन, जिद्दी हो, अराजक हो । फेसबुके विश्वकर्मा । होइन, पढाउने बेलामा पनि त्यस्तै हो अरे ! १८ घण्टा पढाउने, एक दिनमा ! ए राता मकै, म त पागल हुन्छु हौ सुन्दा पनि !”

सम्पूर्णमा । गफ चलिरहेको छ । कुरा उद्योगमा आत्मनिर्भर नेपालीहरू । नयाँ किताब आएको ‘अविश्रान्त लखर लखर !’ त्यही लिन आएका सर्जकहरू, पाठकहरू । कुरै कुरामा आयो कुरा, एक अराजक “ट्यागे, फेसबुके, बकबके, चकचके, योगी महाराजको ।” ऊ यहाँ छैन । यति अनुपम सौन्दर्य मीमांसा सुनेपछि, कुनामा बसेको एउटा अलि पाको पात्र अघि सर्‍यो । “हाम्रो प्राचार्य किरणेश्वर गिरोपाध्याय मायालु सर पनि केही भन्न खोज्नुहुन्छ हो ?” निर्दोष जीवनोपाध्याय माइकल ट्रम्प वाइडेन बोल्यो । “म पनि आज बोल्छु है ।” अनुमति लियो । “थोरै बोल्नेको कुरा धेरैले सुन्छन् । बोलौं सर ! मित्र हजुरको त त्यो घनटाउके, होइन त ?” उकासो पिकासो गायत्रीकान्त मैनाली ।

“कुरा म मित्रको होइन, माटोको गर्न खोज्दै छु । बड गाउँ, सुरताना नाम सुनिएकै होला । त्यहाँ एक कट्ठामा आठ मुरी धान फल्यो अरे । माटोको क्वालिटी, कति उर्वर ! अब्बल, दोयम, सीम, चाहार भनेजस्तै, यो मान्छेको गिदी पनि माटो हो, माटो । अब्बल गिदी अति दुर्लभ, जसलाई हामी “जिनियस, प्रतिभा, मेधावी के-के भन्छौं । त्यो मोरो, मेरो मित्र, यूनिक हो ? होइन ! त्यो यूनिक होइन । त्यो त हजार यूनिकहरू मध्येको ‘यूनिक’ हो । सङ्गत गर्नुभएको छ ? अन्धाले हात्ती छामेको जस्तो त होइन ? होला, अलि अलि अराजक होला, म पनि मान्छु । मैले पनि गाली गरेको छु, अति नसोच त, भनेर । तर हिमनदी बग्दैन र ? हावा चल्दैन र ? सास रोकिन्छ र ? उसले जे जे लेखे पनि, जति लेखे पनि कसैलाई अहित गरेको छ र ? फुर्सद छ, काम छैन, फुर्छ, लेख्छ । विनोद चौधरीलाई यति धेरै पैसा किन कमाएको भन्न नसक्ने, हामी ! एउटा सर्जकले लेख्यो त लेख्यो । झन् तारिफ गर्नुपर्ने होइन र ? पक्षधरता होइन यो, म मेरो मित्रको वकिल पनि होइन । तर यो अलि न्याय भएन कि भनेर । के त्यो जोगी खराब मान्छे हो ?” अलि कडा भयो मायालु ।

“माटो बिम्ब सही आयो सर, होइन होइन, मेरो दाइ खराब मान्छे कुनै हालतमा पनि होइन । डिप्लोम्याट त हो । भित्री चलाख, अति लेख्न सक्नु दाइको विशेषता हो । खुबी छ । मान्छु म पनि । अब मानक स्रष्टा भन्न सकिन्छ । हजुर मायालु, मेरो दाइ दयालु, मान्छे त शीतल समीर, मनले अमिर, जोगाउने जमीर, विवेक छ, अलि बढी त लेख्ने नै हो, अराजक त हो, सिर्जनशील अराजकतालाई त मानिन्छ । मनराज, हाम्रो दाइ, बेटर अफ द वेस्ट ! मान्छु म पनि । नो डाउट एट अल !” नदीन चौबीस रिलोपाध्याय लिटिल बुद्ध । “मेरो त बा, केही बोल्दिन । माया गरेर आशीर्वाद दिनुहुन्छ । मनग्गे !” सम्पूर्ण मालिक, ग्रन्थराम गजलोपाध्याय । बैठक सकियो ।

## कविता

# वृक्ष–लोक



**मोहन राज काफ्ले**

न कोही ठुलो, न त सानो सबैलाई एकै देख्छु
न त नर, न त नारी, न दल कुनै, न बल थेग्छु
अमिर गरिब, निर्दो, बलियो जे भए नि आफ्नै देख्छु
मेरो भाषा नबुझे नि सुसेलीमा गुनगुनाउँछु
खै किन हो म विनाको तिमीलाई निरस पाउँछु
तिमीले आफ्नो ठान्यौ भने आँखाभरि सजाउँछु
मलाई माया गर्‍यौ भने मनैदेखि रमाउँछु ॥

वसन्तमा हरियाली शीतलतामा मग मगाउँछु
खडेरीमा काकाकुल झैँ अङ्ग-अङ्ग जलाउँछु
कहिले निर्मम हावाहुरी आँधीबाट मडारिन्छु
वर्षासँगै भीषण बाढी पहिरोबाट बढारिन्छु
कहिले मूर्ख तस्करबाट पछारिँदै लतारिन्छु
हुर्कनै नपाउने गरी घरी-घरी म साटिन्छु
देवबाट पुजिन्छु म दानवबाट निमोठिन्छु ।

सोच त म आफू कहिले आफ्ना लागि जिउँछु
तिम्रै हरेक चाहनामा सधैँ साथ दिन्छु
वनदेखि मन-मनसम्म, ज्ञानदेखि धनसम्म
चुलोदेखि तुलोसम्म, हलोदेखि बलोसम्म
सागरदेखि पहाडसम्म, खाडीदेखि बहारसम्म
जन्मदेखि मरणसम्म, देवगणका चरणसम्म
खरानी र धुवाँ बन्छु, कहिले आगो पानी पिउँछु ।

अनेक रूपमा पटक-पटक तिमीबाट म भोगिन्छु
फेरी आउँछु पुस्तौँ पुस्ता तिमीलाई साथ दिन्छु
आदिदेखि अन्त्यसम्म तिमीसँग सँगै जिउँछु
तिम्रै खुसी सुख भरी युगौँ युग साथमा हुन्छु
आई बस मेरै काखमा, जुनी-जुनी तिमीलाई चुम्छु
धर्ती माता रहेसम्म हजार-हजार जुनी लिन्छु
मलाई माया गर्‍यौँ भने लाखौँ लाख जीवन दिन्छु ॥

## तीन मुक्तक



**गणेश लोहनी**

१.
निगाहमा बिना कैद भुक्तान छुट्न पनि पाइन्छ
विजयोत्सवसँगै प्रतिशोधमा कुट्न पनि पाइन्छ
नमिल्नेको ‘न’ मेटाउन खप्पिसकै छ हालीमुहाली
लाजै नमानी दर्जाअनुसार लुट्न पनि पाइन्छ ॥

२.
साथमा रहेकी प्रियसी बटारिँदा रुन्छ
केही हत्याउनलाई अरू हतारिँदा रुन्छ
सधैँ आफ्नो मात्र हित चिताउँछ मान्छे
रमाउँछ ऊ माथि पुग्दा पछारिँदा रुन्छ ॥

३.
पैतृक कमाइ खर्चन निमग्नहरूका कुरा नगर्नु
उनकै सिप र श्रमले सम्पन्नहरूका कुरा नगर्नु
नितान्तः आफू र आफ्नाका स्वार्थपूर्तिमै मस्त
पितृलाई नसम्झने कृतघ्नहरूका कुरा नगर्नु ॥

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | राजनैतिक लाभ प्राप्त हुनेछ । खर्च वृद्धि हुने योग छ । |
| वृष | : | सानो-सानो कुरामा विवाद हुनसक्छ। नयाँ सम्बन्ध बन्ने योग छ । |
| मिथुन | : | सुखद समाचार प्राप्त हुनेछ। सबै कार्यमा सन्तुलन राख्नुहोला । |
| कर्कट | : | कार्यमा बिस्तारै प्रगति हुनेछ । धैर्यता राख्न जरुरी छ । |
| सिंह | : | अनावश्यक जिम्मेवारीले दुःख दिनेछ । धैर्यता राख्नुहोला । |
| कन्या | : | विरोधी सक्रिय रहनेछन् तर, असफल हुनेछन् । अनावश्यक खर्चको योग छ । |
| तुला | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासँग भेटघाट हुनेछ । |
| वृश्चिक | : | नयाँ निवेशको योग छ। कुनै पनि कार्यमा हतार नगर्नुहोला । |
| धनु | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । शान्तिमा वृद्धि हुने योग छ । |
| मकर | : | धर्म पालनामा रुचि देखिन्छ। नयाँ सम्पर्क बढ्नेछ। |
| कुम्भ | : | अर्कामाथि भरोसा नगर्नुहोला । विरोधी सक्रिय रहनेछन् । |
| मीन | : | साथीभाइबिच सुमधुर सम्बन्ध रहनेछ। सबै कार्यमा धैर्य हुनुपर्छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संकट बढ्दै र द्वन्द्वहरू तीव्र हुँदै गर्दा विश्व नेताहरू संयुक्त राष्ट्रसंघमा भेला हुँदै

काठमाडौं/एजेन्सी- संयुक्त राष्ट्रसंघको न्युयोर्क मुख्यालयमा आइतबारदेखि शुरु हुने संगठनको वार्षिक प्रतिष्ठित सम्मेलनमा भाग लिन विश्वका नेताहरू भेला हुँदैछन् । सम्मेलन तीव्र युद्ध, बढ्दो लोकप्रियवाद र कूटनीतिक गतिरोधको विस्फोटक पृष्ठभूमिमा हुँदैछ । गाजामा जारी युद्ध, मध्यपूर्वमा चर्किएको बढ्दो तनाव, सुडानको गृहयुद्धमा भोकमरीको अवस्था र युक्रेनमा जारी द्वन्द्वजस्ता समस्याहरू राष्ट्रसंघको मुख्य कार्यक्रम महासभाको उच्चस्तरीय सातामा भाग लिने राष्ट्रपति र प्रधानमन्त्रीको कार्यसूचीमा परेका छन् ।

यद्यपि राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले यस साता विश्व 'तेस्रो विश्वयुद्धलाई पन्छाउन सक्षम हुने' मा जोड दिए । 'हामीले जे देखिरहेका छौं त्यो द्वन्द्व र दण्डहीनताको भावनामा वृद्धि हो,' उनले एक ब्रिफिङमा भने । 'यो सम्मेलन यो भन्दा अझ महत्त्वपूर्ण र चुनौतीपूर्ण क्षणमा आउन सक्दैनथ्यो', वासिङ्टनकी राष्ट्रसंघीय राजदूत थोमस-ग्रिनफिल्डले भनिन्, 'ध्यान र कारबाहीको माग गर्ने संकट र द्वन्द्वका सूची बढ्दै जाने मात्र देखिन्छ तर हामी त्यसो गर्न सक्षम छैनौं ।'

कूटनीतिको विश्वकप भनिने यो भव्य सम्मेलनले विश्वभर द्वन्द्व र गरिबीमा फसेका लाखौं मानिसका लागि के हासिल गर्न सक्छ भन्ने स्पष्ट छैन । इजरायलका नेता बेन्जामिन नेतान्याहू, प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास र इरानका नयाँ राष्ट्रपति मसुद पेजेश्कियान उपस्थित हुने भएकाले 'नेताहरूले के भन्दै छन् भन्ने कुरामा गाजा स्पष्टतः यी द्वन्द्वमध्ये सबैभन्दा प्रमुख हुने' इन्टरनेसल क्राइसिस ग्रुपका रिचार्ड गोवनले बताए । उनले तय गरिएको कूटनीतिक भाषण र मुद्राले 'वास्तवमा धरातलीय स्तरमा हुने घटनाहरूमा ठूलो फरक नपार्ने' बताए ।

गाजामा युद्ध अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि शुरु भएको थियो । उक्त आक्रमणमा आधिकारिक इजरायली आँकडाहरूमा आधारित एएफपी गणनाअनुसार एक हजार दुई सयभन्दा बढी मानिसको मृत्यु भयो । हमास नियन्त्रित गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्ध शुरु भएयता गाजामा इजरायली सैन्य अभियानमा ४१ हजार दुई सय ७२ भन्दा बढी प्यालेस्टिनी मारिएका छन् । संयुक्त राष्ट्रसंघले यी आँकडालाई विश्वसनीय मानेको छ ।

द्वन्द्व लेबनानमा फैलिन सक्ने डर उच्च छ । लेबनानमा यस हप्ता हिजबुल्लाहका सञ्चार लक्षित गरेको देखिने शृंखलाबद्ध घातक विस्फोटहरू भए । इजरायलले यसबारे अहिलेसम्म टिप्पणी गरेको छैन ।

न्युयोर्कमा कार्यक्रम आइतबारदेखि 'भविष्यको शिखर सम्मेलन' सँगै शुरु हुनेछ । यो आगामी वर्षहरूमा विश्वले सामना गर्ने चुनौतीहरूको अग्रिम सम्बोधन गर्ने महासचिव गुटेरेसको प्रमुख प्रयास हो ।

### अहिले नै युद्ध समाधान गरौं

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसहित विश्वका नेताहरू भविष्यमा सबैभन्दा जरुरी मुद्दाहरूको सामना गर्ने तरिकामा सम्झौता अपनाउन उपस्थित हुनेछन् । गहन वार्ता र गुटेरेसले नेताहरूलाई 'साहस' देखाउन आह्वान गरे पनि मस्यौदा पाठलाई पर्यवेक्षकहरूले महत्त्वाकांक्षाको कमी भएको भन्दै आलोचना गरेका छन् । 'जोखिमहरूमध्ये एक र यो जोखिमभन्दा बढी छ कि भविष्यको शिखर सम्मेलन विगतको शिखर सम्मेलन जस्तो देखिन सक्छ, र सबैभन्दा राम्रो अवस्थामा वर्तमानको शिखर सम्मेलन जस्तो देखिन सक्छ,' अर्को एक कूटनीतिज्ञले भने ।

'अन्तर्राष्ट्रिय चुनौतीहरू तिनलाई समाधान गर्ने हाम्रो क्षमताभन्दा द्रुत गतिमा अघि



बढिरहेका छन्,' गुटेरेसले शिखर सम्मेलनको मूल्यप्रति जोड दिँदै भने, 'हामी नियन्त्रणबाहिर भू-राजनीतिक विभाजन र अनियन्त्रित द्वन्द्वहरू देख्छौं । विशेषगरी युक्रेन, गाजा, सुडान र अन्यत्र, अनियन्त्रित जलवायु परिवर्तन, अनियन्त्रित असमानताहरू र हाम्रा संस्थाहरू साँच्चै नै यसको गतिसँग मिल्न सक्दैनन् ।' अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी) का राष्ट्रसंघीय प्रतिनिधि लेटिसिया कुर्टोइसले द्वन्द्वलाई 'अहिले नै' समाधान गर्नु महत्वपूर्ण छ, 'अर्को पुस्ताका लागि उद्देश्य'का रूपमा होइन भने । शिखर सम्मेलनपछि राष्ट्रसंघका एक सय ९३ सदस्यले एक अर्कालाई सम्बोधन गर्ने उच्चस्तरीय हप्ता हुनेछ र यो ब्राजिलबाट शुरु हुनेछ । त्यसपछि संयुक्त राज्य अमेरिका आउनेछ । सम्भवतः गाजामा युद्धविराम वार्तालगायतका विषयहरूमा राष्ट्रपति जो बाइडेनले सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

विगत वर्षहरूमा जस्तै चीन र रुसका नेताहरू अनुपस्थित रहनेछन्, तर बेलायतका केइर स्टार्मर, युक्रेनका भोलोदिमर जेलेन्स्की र ब्राजिलका लुइज इनासियो लुला डा सिल्भा उपस्थित हुनेछन् । जेलेन्स्की सन् २०२३ मा आकर्षणको केन्द्र थिए तर एक कूटनीतिज्ञका अनुसार उनले आफ्नो 'विजयको योजना' प्रस्तुत गर्दा यस वर्ष चर्चामा रहन संघर्ष गर्नुपर्नेछ ।भव्य कार्यक्रमअघि संयुक्त राष्ट्रसंघको नदी किनारमा रहेको मुख्यालय वरिपरि सुरक्षाको फलामे घेरा खडा गरिँदै थियो र स्थानीय बासिन्दा र व्यवसायहरू अन्तहीन भीआईपी मोटरकेडहरू र सडक बन्दका कारण हुने ट्राफिक अवरोधको लागि तयार हुँदै थिए ।

# ऐतिहासिक आँधी आएको केही दिनमै दोस्रो आँधीको चपेटामा सांघाई

**काठमाडौं/एजेन्सी-** पचहत्तर वर्षको इतिहासमा सबैभन्दा शक्तिशाली आँधी आएको केही दिनपछि दोस्रो आँधीले प्रभावित गर्दा चिनियाँ शहर सांघाईका सडक र छिमेकमा शुक्रबार बाढी आएको छ । पुलासन आँधी बिहीबार राति सांघाईको फेङ्जियान जिल्लामा २३ मिटर प्रतिसेकेन्ड (८३ किलोमिटर प्रतिघन्टा) को वेगमा अवतरण गरेको सरकारी समाचार एजेन्सी सिन्ह्वाले बताएको छ। सिन्ह्वाले आँधी स्थलतर्फ अघि बढ्दै गर्दा क्रमिक रूपमा कमजोर हुने



पूर्वानुमान गरिएको बताएको छ । यद्यपि शुक्रबार बिहान पनि वर्षा भइरहेको छ ।

शुक्रबार सामाजिक सञ्जालमा पोस्ट गरिएका भिडियोहरूमा सांघाईका बासिन्दाहरू घुँडासम्मको पानीमा हिँडिरहेको देखिन्छ । यद्यपि अहिलेसम्म कुनै गम्भीर क्षति वा हताहतको समाचार छैन । सांघाईका केही क्षेत्रले आँधी नजिकिँदै गर्दा बिहीबार आफ्नो चेतावनी स्तरलाई बढाएका थिए ।

बेबिनकाले सोमबार विध्वंश मच्चाएको केही दिनपछि पुलासन आँधी आएको हो । बेबिनका सन् १९४९ पछि सांघाईमा आएको सबैभन्दा शक्तिशाली आँधी थियो । बेबिनका आँधीबाट एक हजार आठ सयभन्दा बढी रुख ढलेका थिए भने ३० हजारभन्दा बढी घरमा विद्युत काटिएको थियो ।

## हरिहरपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**झनझने, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८१।०६।०५)**

हरिहरपुरगढी गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९ बमोजिम यस गाउँपालिकामा आवश्यक तपसिल बमोजिमका कर्मचारीहरु करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र व्यक्तिगत विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन नं. पद तथा आवश्यक न्यूनतम योग्यता :

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | सेवा | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०४/२०८१/०८२ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ | सेवा करार | मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्रमा MBBS उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको । |
| २ | ०५/२०८१/०८२ | सिभिल ईन्जिनियर | अधिकृत सातौं | १ | सेवा करार | मान्यताप्राप्त शिक्षण संस्थाबाट Civil Engineering उत्तीर्ण गरी नेपाल ईन्जिनियरिङ परिषदमा दर्ता/नविकरण गरेको । (न्युनतम ५ वर्षको कार्यानुभव) |
| ३ | ०६/२०८१/०८२ | सूचना प्रविधि सहायक | सहायक स्तर पाँचौ | १ | सेवा करार | कम्प्यूटर/ईलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन/IT सँग सम्वन्धित विषयमा ३ वर्षे डिप्लोमा कोर्ष उत्तीर्ण । |
| ४ | ०७/२०८१/०८२ | रेडियो अपरेटर | सहायक स्तर चौथो | १ | सेवा करार | SLC/SEE उत्तीर्ण गरि मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ महिने वेसिक कम्प्यूटर डिप्लोमा उत्तीर्ण गरि रेडियो पत्रकारिता सम्वन्धी कार्य अनुभव भएको । |
| ५ | ०८/२०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | सेवा करार | साधारण लेखपढ काम गर्नुपर्ने स्थान : बञ्चरे सा.स्वा.ई. र बेशीटोल सा.स्वा.ई. |

२. **संलग्न गर्नु पर्ने कागजातहरु :**
(क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि (घ) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (श्रेणी विहिनका लागि साधारण लेखपढ) । (ङ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (च) प्रचलित कानुनले अयोग्य नठहरिएको स्वघोषणाको निवेदन (छ) दुई प्रति पासपोर्ट आकारको फोटो (ज) राजश्व वुझाएको रसिद । (पेश भएका सवै कागजात स्वयंमले प्रमाणित गरेको हुनुपर्नेछ ।
३. **उमेर हद** : गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी तथा गाउँपालिकामा श्रेणी विहिन जनशक्ती छनौट सम्वन्धी कार्यविधीमा उल्लेख भए वमोजिम ।
४. **दरखास्त फारमः** यस गाउँपालिकाको वेवसाईट www.hariharpurgadhimun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिने छ ।
५. **आवेदन दस्तुर तथा फारम दर्ता** : अधिकृत स्तरको लागि रु.१,५००।- सहायक स्तरको पदको लागि रु. १,२००।- तथा श्रेणी विहिन पदको लागि रु. ८००।- यस कार्यालयको राजश्व उपशाखामा नगदै वुझाई वा यस कार्यालयको सिटिजन्स बैंक ई. लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. ०७३०१०००००००१२०२ मा जम्मा गरि सक्कलै रसिद पेश गर्नु पर्ने ।
६. **छनौटको आधारः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित प्रयोगात्मक एवं अन्तर्वाता परीक्षा । (कार्यालय सहयोगीको हकमा अन्तर्वार्ताद्वारा छनौट गरिनेछ ।
७. **दरखास्त दिने अन्तिम मिति** : २०८१ आश्विन १८ गते शुक्रवार ।
८. **परिक्षा मिति** : गाउँपालिकाबाट पछि तय गरि गाउँपालिकाको वेवसाईट र फेसबुक पेजमा प्रकाशित गरिने छ ।
९. **सेवा सुविधा** : गाउँपालिकाको नियमानुसार ।
१०. **करार अवधि** : २०८१ पौष मसान्तसम्म । (सेवाको आवश्यकताका आधारमा करार नियमानुसार समयावधि थप हुने ।)

**दिपेन्द्र कुमार पैकरा**
**प्रमुख प्रशासकीय अधिकृत**


## युएईमा रोजगारको अवसर
कम्पनीः MERAJ WARIS TECHNICAL SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५६५४ L.T. No.: 311181

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger | 1 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 3. | Plaster | 10 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 4. | Plumber | 11 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |

कम्पनीः CECEP TECHAND ECOLOGY & ENVIRONMENT CO LTD – DUBAI BRANCH शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५६५३ LT. No.: 311182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Masons | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter/ Construction Carpenter | 1 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 3. | Concrete Masons | 8 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 4. | Steel Fixer | 2 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |

कम्पनीः GULF PRECAST CONCRETE COMPANY-LLC-BRANCH शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५६५२ LT. No.: 311183

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Welder | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 35 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 3. | Cement Mixtures Labour | 45 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 4. | Concrete Masons | 35 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |
| 5. | Plasterer | 40 | 0 | | 1200 | ४३,६४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १२ गते (28 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015



## साउदीमा रोजगार
कम्पनी : ARABIAN CONTROL VALVE COMPANY शहर : AL JUBAIL
पुर्व स्वीकृत मितिः २०८१/०६/०२ चलानी नं.: ६०२२५५७२ L.T. No.: 310987

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Worker | 1 | 0 | | 1000 | ३५,६०० | | | | | | | |

कम्पनी : DOOR WA MANAZEL TRADING EST शहर : DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०६/०२ चलानी नं.:६०२२५५७२ L.T. No.: 310988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory Worker ( Packing For Product) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALFAOW GROUP FOR PLASTIC शहर : DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०५/२८ चलानी नं.:६०२२५५७५ L.T. No.: 310829

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scrap Metal Recycle Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALFAOW GROUP FOR CONTRACTING शहर : DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०५/२८ चलानी नं.:६०२२५५७४ L.T. No.: 310827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 1 | 0 | | 1000 | ३५,६०० | | | | | | | |
| 3. | Driver/Forklift Operator | 1 | 0 | | 1500 | ५३,४०० | | | | | | | |
| 4. | Finishing & Shuttering Carpenter | 2 | 0 | | 1500 | ५३,४०० | | | | | | | |
| 5. | Pipe Fitters | 4 | 0 | | 1500 | ५३,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असोज १२ र १३ गते (28 & 29 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. १८३।०५७।०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोनः ४७२१३९४, ४७२१३९५, मो.: ९८४१७६६२४२, ९८१३५९५४४६,



## Free Visa ! Free Ticket ! Free Recruitment !
## (Zero Cost) सहित Saudi मा वैदेशिक रोजगारको अवसर
कम्पनी : ALFANAR CLOSED JOINT STOCK COMPANY पूर्व स्वीकृत मितिः२०८१/०६/०४ चलानी नं.: ६०२२५६४३ LT. No.: 311097

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Contruction Worker | 75 | 0 | स. काममा दक्ष | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असोज १३ गते (29 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले तिर्ने | रोजगारदाताले | रोजगारदाताले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ३. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ४. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ५. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताख्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch office- 023-536663 | 9801433027 | 9801433031 | 9801433029



## UAE मा रोजगार
कम्पनीः MIDDLE EAST MAINTENANCE AND CLEANING LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०४/१८ चलानी नं.: ६०२०५५३० L.T. No.: 290313 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 23 | 28 | सम्बन्धित काममा दक्ष | 800 | २९,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 10 | 5 | | 1200 | ४३,६४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १२ गते (28 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



## कतारमा रोजगार
कम्पनीःDIME INTERNATIONAL TRADING & CONTRACTING शहर : Doha
पूर्व स्वीकृत मितिः २०८०/१०/०७ चलानी नं.: ६०२१३४१६ LT. No.:298235 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 1 | 0 | स. काममा दक्ष | 1900 | ६९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १२ गते (28 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.S.K. Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1561/079/080
साबिकः GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com



## साउदीमा रोजगार
कम्पनी : BASAT AL BASATIN CONTRACTING COMPANY शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५६४२ LT. No.: 310953

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Male Assistant | 4 | 0 | | 1000 | ३५,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १२ गते (28 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

R.B. RECRUITMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. ९२९/०६७/०६८
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4595967/ 014568206/ 01-4584094
E-mail: documentsrbrs@gmail.com, Web.: www.rbrs.com.np



## साउदीमा रोजगार
कम्पनी : AL-MASA LAND & TRANSPORTATION EST. शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५६४५ LT. No.:311139

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मिति २०८१ असोज १२ गते (28 September 2024) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४ मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com



## साउदीमा रोजगार
कम्पनीः ARABIAN CASTLES FOR GEMERAL CONTRACTING CO. शहरः Saudi Arabia,jeddah
पुर्व स्वीकृत मितिः २०८१/०३/१३ चलानी नं.: ६०२२१६३४ L.T. No.: 306877 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता रोज पार्टी प्यालेस बुटवल रुपन्देहीमा २०८१ असोज १३ र १४ गते (29 & 30 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटेल विर्तामोड झापामा २०८१ असोज १५ र १६ गते (1 & 2 October 2024) मा हुनेछ ।
साथै यसै कम्पनीको लागि gardener हरूको को पनि माग भएकोले निशुल्क परामार्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. License No.: 1153/073/074
TEAMPRO
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, 9851125140 E-mail: teamprohrs@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
५ असोज २०८१, शनिबार
21 September 2024, Saturday

# बक्स अफिस समाचार

## नवकलाकार हुँ जस्तै लागेको छ : राजेश हमाल



**काठमाडौं/मस–** अभिनेता राजेश हमाल फिल्म 'नरसिंहा अवतार'को वर्कसपमा सहभागी भएका छन् । बुधबारदेखि उनले कार्यशालामा सहभागी भएका हुन् । वर्कसपमा हमालले यतिबेला आफूले निर्वाह गर्ने चरित्र, अभिनय शैली र चरित्र चित्रणमा आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने बारेमा सिकिरहेका छन् ।

यही फिल्ममार्फत अभिनेता हमालले सात वर्षपछि फिल्ममा कमब्याक गर्दैछन् । यो फिल्मका निर्देशक दिवाकर भट्टराईले हमाललाई कमब्याक गराउन लागेका हुन् । लामो समयपछि फिल्ममा कमब्याक गर्न लागेका हमाल 'नरसिंहा अवतार'मा नयाँ लुक्समा प्रस्तुत हुँदैछन् । यही साताभित्र छायाँकन शुरु हुने यो फिल्मका लागि हमालले फरक लुक्स बनाइरहेका छन् ।

बिहीबार उनी आफूले खेलेको एक गीतको सार्वजनिक कार्यक्रममा सेतै फुलेको दाह्री-जुँगामा देखिएका थिए । उनले कार्यक्रममा फिल्मकै लागि दाह्री पालेको बताए । पूरै गेटअपमा भने अझै काम गर्न बाँकी रहेको हमालको भनाइ थियो ।

उनले लामो समयपछि फिल्ममा काम गर्न पाउँदा आफू निकै उत्साहित रहेको समेत बताए । यो फिल्ममार्फत नेपाली फिल्म क्षेत्रमा आफूले डेब्यु गर्न लागेको जस्तो महसुस भएको बताउँदै उनले ३०औं बर्ष फिल्ममा काम गरेपनि अहिले आफूलाई त्यो अनुभव भन्दा पनि नवकलाकार हुँ जस्तो लागेको बताए ।

दुई चरणमा छायाँकन हुन लागेको फिल्ममा हमाल एक्सन भूमिकामा प्रस्तुत हुनेछन् । यसमा उनी दुई फरक लुक्समा देखिनेछन् । दीवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिल्ममा सरोज खनाल, नीति शाह, राज कटुवाल, प्रशान्त ताम्राकार, सनिसा भट्टराई, उषा खड्गी, राजिव जंग बस्नेत लगायतको पनि अभिनय रहनेछ ।

## अधिकारीको सिर्जनामा 'गागरी' सार्वजनिक

किस्ना आचार्य रोशनी/मध्यान्ह
काठमाडौं, ४ असोज

अभिनेता पल शाह र कामना फगामी मगर अभिनीत 'गागरी' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । काजिश श्रेष्ठले निर्देशन गरेको भिडियोमा अभिनय गर्न कामना केही समय पहिले जापानबाट नेपाल आएकी थिइन् । भिडियोमा यो गीतका गायक, संगीतकार तथा संगीत संयोजक योगेशकाजी शाहको पनि अभिनय रहेको छ ।

नवराज उप्रेतीको छायाँकन रहेको भिडियोको सम्पादन र रंग संयोजन मिलन विश्वकर्माले गरेका हुन् । करण खतिवडा सहायक कोरियोग्राफर रहेको भिडियोको सहायक निर्देशक तथा कोरियोग्राफर प्रशान्त मगर हुन् ।




शान्ती श्री परियार र योगेशको स्वर रहेको गीतको मिक्सिङ मास्टरिङ मनोज परियारले गरेका हुन् । अमित कुमार चन्दले निर्माण गरेको गीतका शब्द प्रसिद्ध गीतकार लोकराज अधिकारीले लेखेका हुन् । गीतकार अधिकारी र अभिनेता पलको यो तेश्रो गीति सहकार्य हो ।

यसअघि गीतकार अधिकारीले लेखेको चलचित्र शत्रु गतेको रुपै मोहनी बोलको गीत र टंक बुढाथोकिको संगीत रहेको केले भन्दा पिरतीले बोलको गरी दुई गीतमा पलले अभिनय गरेका थिए । गीतको भिडियो गायिका परियारकै आधिकारीक युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । गीतले युट्युबमा सकारात्मक प्रतिक्रिया पाएको छ ।

## अफ्रिका महादेशमै पहिलोपटक दशैं मेला हुँदै, ज्योति मगर र राजु परियारले प्रस्तुति दिने

अनिल बानियाा/मध्यान्ह
सेसेल्स, आइल्याण्ड, ४ असोज

अफ्रिका महादेशमै सम्भवतः पहिलो पटक दशैं मेला आयोजना हुने भएको छ । नेपालीहरुको महान पर्व विजया दशमी, शुभदिपावली, नेपाल सम्वत तथा छठ पर्वलाई प्रतिनिधित्व हुने गरी पूर्वी अफ्रिकाको सुन्दर देश सेसेल्स आइल्याण्डमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद सेसेल्सले 'दशैं मेला २०२४' आयोजना गर्न लागेको हो ।




आगामी अक्टोबर ५ र ६ गरी दुईदिने दशैं मेलामा नेपालको पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्यसहित नेपालीले बनाएको हस्तकला प्रदर्शनसहित नेपाली खानाको परिकारहरुको स्टल राखिने कार्यक्रमको तयारीमा जुटिरहेका एनआरएन सेसेल्सका महासचिव पंकज श्रेष्ठले जानकारी दिए ।

दशैं मेलामा नेपालकी चर्चित गायिका एवम् नृत्यंगना ज्योति मगरसहित नेपाली लोक तथा दोहोरी गायक राजु परियारले प्रस्तुति दिने भएका छन् । मेलामा सेसेल्सका कलाकार तथा प्रवासी नेपाली कलाकारहरुको गायन, नृत्यसहित विविध प्रस्तुति समेत रहने छ ।

पहिलो पटक देशव्यापी प्रवासी साहित्यकारहरुलाई समेट्ने जमर्कोसहित खुला कविता प्रतियोगीता एवम् खेलप्रेमीहरुको चाहनालाई मध्यनजर गरेर भलिबल प्रतियोगितासमेत आयोजना गरिँदै छ । छोटो समयमा स्थापना भएको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् सेसेल्सले सामाजिक सेवाको भावनासहित रक्तदान कार्यक्रम आयोजना गर्दै आइरहेको छ ।

एनआरएनए सेसेल्सका अध्यक्ष मनोज विकले यसपटक आयोजना गर्न लागिएको अहिलेसम्मकै ठूलो कार्यक्रम दशैं मेला २०२४ लाई सफल बनाएर भरपुर मनोरञ्जन लिन सबैमा आग्रह गरेका छन् ।

## सांस्कृतिक रुपान्तरणमा योगदान पुऱ्याएका पाँच कलाकार पुरस्कृत



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समाज रुपान्तरणमा चलचित्र क्षेत्रको अतुलनीय योगदान रहेको बताएका छन् । संविधान दिवसको सन्दर्भमा चलचित्र विकास बोर्डले आयोजना गरेको 'सांस्कृतिक रुपान्तरण पुरस्कार २०८१' कार्यक्रममा बोल्दै मन्त्री गुरुङले चलचित्रको उत्थान गर्न मन्त्रालयले भरपुर सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

'अप्रत्यक्षरुपमा समाज रुपान्तरणका लागि अहम भूमिका खेल्ने प्रभावकारी माध्यम चलचित्र हो । मन्त्रालय यस क्षेत्रको उन्नतिमा सकारात्मक छ', उनले भने । उनले यो वर्ष चलचित्र विकास बार्डेको नीति परिमार्जन गर्ने बताउँदै आवश्यक सुझावको अपेक्षा गरे ।

कार्यक्रममा चलचित्र विकास बोर्डले नेपाली चलचित्र 'बलिदान'लाई यो वर्षको सांस्कृतिक रुपान्तरण पुरस्कार २०८१ ले सम्मान गरेको छ । नेपाली चलचित्र इतिहासको एक उत्कृष्ट एवम् कालजयी चलचित्रमार्फत राष्ट्रियता, सामाजिक न्याय, अभिव्यक्ति स्वतन्त्रता, मानवीय गरिमा र मूल्यको प्रवर्द्धन तथा समाजमा वैचारिक एवम् भावनात्मक जागरण अभिवृद्धि गरी सांस्कृतिक रुपान्तरणमा योगदान गर्ने चलचित्रलाई वर्षेनी सम्मान गरिने बोर्डले निर्णय गरेको हो ।

यसै चलचित्रमार्फत सांस्कृतिक रुपान्तरणमा योगदान पुऱ्याएका पाँच कलाकारलाई पुरस्कार प्रदान गरिएको छ । बलिदानका निर्देशक तुलसी घिमिरे, अभिनेता नीर शाह, संगीतकार श्याम तमोट, गायिका लोचन भट्टराई पुरस्कृत भएका हुन् । कार्यक्रममा अन्य चलचित्रमार्फत समाज रुपान्तरणका लागि योगदान पुऱ्याएका कलाकार रमेशरञ्जन झा, कविता आले, देशभक्त खनाल, ऋद्धिचरण श्रेष्ठ, माओत्से गुरुङ, विकास चौधरी, प्रेमा अधिकारी गैरेलाई पुरस्कृत गरिएको छ । कलाकार हरिवंश आचार्यले चलचित्र फेरिए जस्तै सरकारको सत्ता फेरबदल नगरेर विकास निर्माणमा केन्द्रीत भइदिन आग्रह गरे । कार्यक्रममा सञ्चारमन्त्री गुरुङ र सचिव अर्यालले पुरस्कृत सम्पूर्णलाई जनही रु २५ हजार नगद र ताम्रपत्रसहित सम्मान गरेका थिए ।

## 'खुस्मा'को सुखद शुरुवात



**काठमाडौं/मस–** संविधान दिवसको बिदा पारेर बिहीबारबाटै प्रदर्शनमा आएको फिल्म 'खुस्मा'ले प्रदर्शनको शुरुवाती व्यवसाय राम्रो गर्न सफल भएको छ । बिहीबार फिल्मले काठमाडौंसहित मोफसलका धेरैजसो हलमा ५० प्रतिशतभन्दा बढी अकुपेन्सी कायम गर्न सफल भयो ।

पहिलो दिन बिहानी शो हाउसफुल भएपछि फिल्मका मुख्य कलाकार धिरज मगर, उपासना सिंह ठकुरी विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । वितरक गोविन्द शाहीका अनुसार फिल्मको बिहानी शोमा देशका विभिन्न शहरका केही मल्टीप्लेक्स हलबाट हाउसफूल व्यपारको शुरुवात गरेको थियो ।

धिरज र उपासनाका साथै फिल्ममा माओत्से गुरुङ, खड्क बहादुर पुन (खबपु), सुजाता राई, विजय सुब्बा, राज थापा काउचा, अस्तित्व भट्टचन, संगीता थापा मगर, अरुन मगर, राजु रेग्मी मगर, सारा राई, श्वेता मिश्र, विवेश मगर लगायतका कलाकारको अभिनय रहेको छ ।

एम मिडिया प्रा.लि.को ब्यानरमा निर्माण भएको फिल्मको लेखन तथा निर्देशन अशोक थापा मगर गरेका हुन् । यो फील्मको निर्मातामा विर बहादुर लामा, चन्द्र बहादुर भट्टचन, मान बहादुर धनाह मगर र बेतान मगर छन् भने सह-निर्माता सुस्मिता बुढाथोकी हुन् । फिल्ममा दिपक बज्राचार्यको छायाँकन रहेको छ ।

मगर समुदायको परिवेशमा निर्माण भएको प्रेमकथामा आधारित फिल्मले जनयुद्धको प्रभावका बीच अंकुराएको प्रेमको कथा पेश गर्छ । फिल्ममा एसडी योगी र छान्जु पार्क (कोरियन)को संगीत, सुरेन्द्र राना, राम अविरल बिष्ट र निर्देशक थापा मगरको गीत रचना रहेको छ ।

## डब्बुको 'तिमीसँग बोल्न मन लाग्यो' सार्वजनिक




**काठमाडौं/मस-** गीतकार डब्बु क्षत्रीले गत महिना मात्रै आफ्नो नयाँ गीत 'बजाइ देउ न बाजा' दर्शकमाझ ल्याएका थिए । गीतकार क्षत्री यतिबेला अर्को गीतको भिडियो लिएर दर्शकमाझ आएका छन् ।

उनले आधुनिक गीत 'तिमीसँग बोल्न मन लाग्यो'को भिडियोसार्वजनिक गरेका हुन् ।

गीतमा गायिका केन्जुमा सुब्बाको स्वर रहेको छ । गीतमा युगल जोडीको प्रेम आशक्तिको बयान गरेकाले भिडियोमा पनि सोही भावलाई समेटिएको गीतकार डब्बु क्षत्रीले बताएका छन् । भिडियोमा शर्मिला बुढाथोकी र अभिनेता यसराज गराचले अभिनय गरेका छन् ।

## 'छक्कापञ्जा ५' र कमेडी च्याम्पियनबीच 'रोस्टिङ ब्याटल' हुने

**काठकाडौं/मस–** असोज २४ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'छक्का पञ्जा-५'ले प्रचार प्रसारलाई तीव्रता दिएको छ । यसैक्रममा यो फिल्मको निर्माण टिम र कमेडी च्याम्पियनको टिमबीचमा रोस्ट हुने भएको छ ।

असोज २० गते राष्ट्रिय नाचघर जमलमा 'कटाक्ष प्रतिस्पर्धा' हुनेछ । यसलाई अहिलेसम्मकै ठूलो रोस्टिङ ब्याटल भनिएको छ । कमेडी च्याम्पियनले आयोजना गर्ने यो कार्यक्रमको उद्देश्य दशैंको फूलपातीमा रिलिज हुने 'छक्कापञ्जा ५' को प्रचारप्रसार नै हो ।

ब्याटलमा 'छक्कापञ्जा'को




पाँचौं श्रृंखलाका कलाकार दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे र वर्षा सिवाकोटी हुनेछन् । कमेडी च्याम्पियनका भरतमणि पौडेल, सुमन कार्की, सुमन कोइराला, मेक्सम गौडेल, कैलाश कार्की, सन्तोष थापा, सजन श्रेष्ठ, प्रभात लामा, सुनिल खड्का र ऋषभ काफ्ले पनि हुनेछन् ।

यो फिल्मको भर्खरै रिलिज भएको दोस्रो 'ब्रेकअप' गीतमा पनि विशेषगरी ढोका दिने केटीलाई मज्जाले गाली गर्दै रोस्ट गरिएको छ । त्यो शैलीलाई अपनाउँदै निर्माण टिमले रोस्ट शैलीलाई अपनाउन लागेको बुझिएको छ ।

यही असोज २० गते आइतवार जमलस्थित राष्ट्रिय नाचघरमा साँझ ५ बजेपछि प्रारम्भ हुने यो कार्यक्रम हिमालय टेलिभिजन तथा ओएसआर रियालटी युट्युब च्यानलबाट प्रत्यक्ष प्रसारण हुनेछ । फिल्मको टिम र कमेडी च्याम्पियन टिमबीचको यो ब्याटल झण्डै साढे तीन घण्टासम्म चल्ने बताइएको छ ।

## 'आँखा'को विशेष प्रदर्शन हुँदै

**काठमाडौं/मस–** 'मुभी लभर्स ग्रुप'ले असोज ८ गते चलचित्र 'आँखा'को विशेष प्रदर्शन गर्ने भएको छ। जौन योञ्जनको निर्माण र निर्देशनमा बनेको 'आँखा'ले सहरी गरिब र सुकुम्वासीको कथा बोकेको छ । पोस्टर र टिजर सार्वजनिक भएसँगै 'आँखा'ले दर्शकको ध्यान तानेको थियो ।

असोज ८ गते मंगलबार बेलुकी ५ बजे सुनधारास्थित सिडीसी सिनेमामा प्रदर्शन हुने यो फिल्मले सहरी गरिब र सुकुम्वासीको कथालाई प्रर्दामा प्रस्तुत गर्छ । स्थापनाको दशौं वार्षिकोत्सवको अवसर पारेर 'मुभी लभर्स कम्युनिटी'ले यो फिल्मको विशेष प्रदर्शन गर्न लागेको हो । मूलधारभन्दा फरक चलचित्रलाई आम दर्शकसामु पुऱ्याउन र त्यसमा बहस गर्न विशेष प्रदर्शन गर्न थालिएको कम्युनिटीले जनाएको छ ।

'मुभी लभर्स कम्युनिटी'ले केही वर्षदेखि फरक धारका चलचित्र विशेष प्रदर्शन र बहस गर्दै आएको छ। 'ऐना झ्यालको पुतली', 'हल्कारा', 'आचार्य', 'डाकिनी', 'म अलप हुन चाहन्छु' लगायत चलचित्र र वृत्तचित्र प्रदर्शन गरिसकेको कम्युनिटीले नेपाली चलचित्रलाई सबै खाले दर्शकसम्म पुऱ्याउन




सेतुको भूमिका खेल्दै आएको बताएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**